Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Swiss Agency for Development and Cooperation SDC
स्वीस सरकार विकास सहयोग एसडीसी

# दीगो तथा सम्मानित रोजगारीका लागि सिप परियोजना दोस्रो
# (ENSSURE - II)

## वार्षिक कार्यक्रम कार्यान्वयन योजना
## Yearly plan of Operation (YPO)
## तथा
## कार्यक्रम कार्यान्वयन मार्गदर्शन पुस्तिका
## आ.व. २०८२/८३

<u>कार्यान्वयन गर्ने निकाय</u>

सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश र १२ वटा स्थानीय तह

प्राविधिक सहयोग

HELVETAS
NEPAL

CamScanner

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
कोशी प्रदेश
विराटनगर, नेपाल

## List of abbreviations:

| | |
|---|---|
| CTEVT | : Council for Technical Education and Vocational Training |
| ECDF | : Early Childhood Development Facilitator |
| ENSSURE | : Enhanced Skill for Sustainable and Rewarding Employment |
| OJT | : On the Job Training |
| PCIU-F | : Project Coordination and Implementation Unit in the Federal |
| PCIU-P | : Project Coordination and Implementation Unit in the Province |
| PIC | : Project Implementation Committee |
| PSC | : Project Steering Committee |
| PSU | : Project Support Unit |
| TVET | : Technical and Vocational Education and Training |
| SWT | : School to Work Transition |
| CG | : Career Guidance |

प्रदेश सचिव

मन्त्री

CamScanner

विषयवस्तु

१. पृष्ठभूमि ..... १
२. परियोजनाको परिचय : ..... १
३. परियोजनाको लक्ष्यः ..... २
४. उद्देश्यहरू: ..... २
५. परियोजनाको मुख्य कार्यहरूः ..... २
क) सिप/तालिम कार्यक्रम ..... २
ख) वृत्ति मार्गनिर्देशन तथा परामर्श कार्यक्रम ..... ३
ग) व्यावसायजन्य स्वास्थ्य तथा सुरक्षा ..... ३
घ) क्षमता अभिवृद्धि ..... ३
ङ) विद्यार्थीलाई कामको संसार चिनाउने कार्यक्रम (School to Work Transition Program) ..... ३
६. ENSSURE-II परियोजना आ.व. २०८२/०८३ को बजेट ..... ३
७. परियोजनाको मुख्य कार्यक्रम, वार्षिक लक्ष्य र बजेटः ..... ३
(क) ..... प्रदेश सरकार (सामाजिक विकास मन्त्रालय) मार्फत कार्यान्वयन हुने मुख्य कार्यक्रमहरू: ३
(ख) १२ वटा स्थानीय तह/सरकार (शिक्षा महाशाखा/शाखा) मार्फत कार्यान्वयन हुने मुख्य कार्यक्रमहरू: ४
८. आ.व. २०८२/०८३ को कार्यक्रम तथा त्रैमासिक बजेट ..... ५
क) प्रदेश सरकार, कोशी प्रदेश (सामाजिक विकास मन्त्रालय) मार्फत कार्यान्वयन हुने कार्यक्रम तथा बजेट ५
(ख).. स्थानीय तह (शिक्षा महाशाखा/शाखा) मार्फत कार्यान्वयन हुने कार्यक्रम तथा उक्त कार्यक्रमको वार्षिक बजेटः ..... ७
९. आ.व. २०८२/०८३ को कार्यक्रम कार्यान्वयन मार्गदर्शन ..... ८
(क) ..... प्रदेश सरकार सामाजिक विकास मन्त्रालय र शिक्षालयहरूबाट कार्यान्वयन हुने कार्यक्रमहरूको कार्यान्वयन प्रक्रियाः ..... ८
१. आ.व.२०८०/८१ मा छनोट भई प्रशिक्षणरत औद्योगिक प्रशिक्षार्थी तालिम सञ्चालन निरन्तरता. ८
२. आ.व. २०८१/८२ मा छनोट भई प्रशिक्षणरत औद्योगिक प्रशिक्षार्थी तालिम (२४ महिने) सञ्चालन निरन्तरता। ..... १०
३. औद्योगिक प्रशिक्षार्थी तालिम (३६ महिने) सञ्चालन ..... १२
४. औद्योगिक प्रशिक्षार्थी तालिम (२४ महिने) सञ्चालन ..... १४
६. वृत्ति मार्गनिर्देशन सेवा केन्द्र (Career Guidance Service Center) व्यवस्थापन तथा सञ्चालन ..... १७
७. वृत्ति मार्गनिर्देशन सम्बन्धी शिक्षकहरूलाई ७ दिने प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन ..... १८
८. परियोजना सम्बन्धी विभिन्न समितिहरूको बैठक, अनुगमन, सुपरिवेक्षण तथा प्रशासनिक कार्य ..... १९
दिगो तथा सम्मानित रोजगारीका लागि सिप परियोजना (ENSSURE-II) अन्तर्गत सामाजिक विकास मन्त्रालय तथा १२ वटा स्थानीय तहमा सञ्चालित कार्यक्रमको वार्षिक समीक्षा तथा आगामी आ.व. को योजना तर्जुमा गर्न स्थानीय तहका सम्बन्धित क्षेत्रका कर्मचारीहरूको सहभागितामा कार्यशाला सञ्चालन गरी प्रगति समीक्षा तथा योजना तर्जुमा गर्नको लागि यो कार्यक्रमको व्यवस्था गरिएको छ । ..... २०
(ख) ..... स्थानीय तहहरूबाट कार्यान्वयन हुने कार्यक्रमको कार्यन्वयन प्रक्रिया २१
१. आ.व. २०८०/८१ मा छनोट भई प्रशिक्षणरत कार्यगत अभ्याससहितको तालिम सञ्चालन निरन्तरता ..... २१

प्रदेश सचिव मन्त्री

२.	आ.व. २०८१/०८२ मा छनोट भई प्रशिक्षणरत कार्यगत अभ्याससहितको तालिम सञ्चालन निरन्तरता ........ २२
३.	कार्यगत अभ्याससहितको तालिम सञ्चालन ........ २३
४.	कार्यगत अभ्याससहितको तालिम प्रशिक्षार्थीको सिप परीक्षण सञ्चालन ........ २५
५.	कार्यगत अभ्यास सहितको तालिम सम्वन्धी सूचना प्रचार प्रसार तथा सेवा खरिद ........ २६
६.	स्थानीय तहमा वृत्ति मार्गनिर्देशन सेवा इकाई स्थापना र सञ्चालन ........ २७
७.	वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालित विद्यालयहरुका लागि कार्यपुस्तिका (workbook) छपाई तथा वितरण ........ २८
८.	वृत्ति मार्गनिर्देशन सम्वन्धी शिक्षकहरूलाई पुनर्ताजगी प्रशिक्षण तालिम सञ्चालन ........ २९
९.	विद्यार्थीलाई कामको संसार चिनाउने कार्यक्रमहरू (School to work transition) ........ ३०
१०. कार्यक्रम समीक्षा तथा योजना तर्जुमा ........ ३२
दिगो तथा सम्मानित रोजगारीका लागि सिप परियोजना (ENSSURE- II) अन्तर्गत स्थानीय तहमा सञ्चालित कार्यक्रमको वार्षिक समीक्षा, प्रशासनिक खर्च तथा आगामी आ.व.को योजना तर्जुमा कार्यशाला सञ्चालनको लागि यो बजेट व्यवस्था गरिएको छ । ........ ३२
११. कार्यक्रमको सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन ........ ३३
१०. ENSSURE/PSU कोशी प्रदेश मार्फत सञ्चालन हुने मुख्य क्रियाकलापहरू ........ ३३

प्रदेश सचिव

मन्त्री

## १. पृष्ठभूमि

नेपाल सरकारले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (Technical and Vocational Education and Training) प्रणालीलाई आर्थिक समृध्दि हासिल गर्ने महत्वपूर्ण माध्यमका रुपमा स्वीकार गरेको छ । आवधिक पाँच वर्षीय योजनाहरू कोशी प्रदेशको प्रथम आवधिक योजनामा समेत प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका कार्यक्रमहरू प्राथमिकतामा रहेका छन्। प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका क्षेत्रमा गुणस्तरीय सेवा प्रवाहका निम्ति विगत लामो समयदेखि विभिन्न प्रयासहरू भएका छन् । प्रदेश सरकार कार्य विभाजन नियमावली, (संशोधन-२०७९) अनुसार सामाजिक विकास मन्त्रालयको क्षेत्राधिकार भित्र प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET) सम्वन्धी प्रावधान रहेको छ ।

सन् २०२१ सेप्टेम्बर १० मा नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकार बीच प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा कार्य गर्न दीगो तथा सम्मानित रोजगारीका लागि सिप परियोजना (Enhanced Skill for Sustainable and Rewarding Employment-ENSSURE) सञ्चालनमा रहेको छ । यो परियोजना कार्यान्वयनमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहको जिम्मेवारी रहेको परियोजनाको दस्तावेज (Project Document) मा उल्लेख भए बमोजिम सामाजिक विकास मन्त्रालय कोशी प्रदेश र १२ वटा स्थानीय तहहरू मार्फत सञ्चालन हुने परियोजनाका क्रियाकलाप कार्यान्वयन गर्नका लागि आ.व. २०८२/८३ को बार्षिक कार्ययोजना तथा मार्गदर्शन तयार गरिएको छ ।

## २. परियोजनाको परिचय :

दिगो तथा सम्मानित रोजगारीका लागि सिप परियोजना (ENSSURE-II), पहिलो चरणको कार्यानुभवको आधारमा तयार गरिएको नेपाल सरकार र स्वीजरल्यान्ड सरकार बीच भएको द्विपक्षीय सम्झौता अनुसार दोस्रो चरणमा संचालमा रहेको छ । ENSSURE परियोजना प्रथम चरण सन् २०१६-२०२२ सम्म प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) द्वारा हेल्भेटास नेपाल (HE l VETAS Nepa l) को प्राविधिक सहयोगमा कार्यान्यवन भएको थियो । संघीय संरचना अनुरूपको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम मार्फत नेपालका युवा, महिला तथा पुरुषहरूले सामाजिक तथा आर्थिक लाभ प्राप्त गर्ने मुख्य उद्देश्यका साथ कार्यान्वयन हुने यस परियोजनाले उद्योग व्यावसायहरूसँगको सहकार्यमा CTEVT बाट स्वीकृत पाठ्यक्रम अनुसार विभिन्न पेशा र क्षेत्रहरूमा २४ महिने र ३६ महिने अप्रेन्टिसिप तालिम सामाजिक विकास मन्त्रालय कोशी प्रदेश मार्फत र १० महिने कार्यगत अभ्यास सहितको तालिम (१६९६ घण्टा) स्थानीय तहहरूबाट कार्यान्वयन हुँदै आएको छ। यसका साथै पालिकाहरूले माध्यामिक तहका विद्यालयका विद्यार्थीहरूकोलागि वृत्ति मार्गनिर्देशन (Career Guidance) र शिक्षाको संसारबाट कामको संसारमा स्थानान्तरण (School to Work Transition) कार्यक्रम सञ्चालन गरिरहेको छ । त्यसै गरी यस परियोजनाले रोजगारीमा रहेका तथा वैदेशिक रोजगारीबाट फर्केका युवाहरूका लागि सिप स्तरोन्नती तालिम सञ्चालन गर्ने र उद्योग व्यावसायमा मानव संसाधन व्यवस्थापन तथा व्यावसायजन्य स्वास्थ्य, सुरक्षा कायम गर्न सहयोग गरिरहेको छ । यो परियोजना संघीय तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) ले, प्रदेश तहमा सामाजिक विकास मन्त्रालयले र स्थानीय तहमा सम्बन्धित स्थानीय तहहरूले हेल्भेटास नेपाल



प्रदेश सचिव मन्त्री

(HELVETAS Nepal) को प्राविधिक सहयोगमा कार्यान्वयन गर्नेछन् ।यो परियोजना कोशी प्रदेशमा सामाजिक विकास मन्त्रालय र तल उल्लेखित १२ वटा स्थानीय तहहरूबाट सञ्चालन हुँदै आएको छ । ENSSURE दोस्रो चरणको परियोजना अवधि वि.सं २०७८ भाद्र २५ गते देखि वि.सं. २०८२ असार ३१ गते (तदनुसार १० सेप्टेम्बर २०२१ देखि १५ जुलाई २०२५) सम्म रहेको भएता पनि हाललाई १५ जुलाई २०२७ (तदनुसार २०८५ असार ३१ गते) सम्म थप भएको छ ।

कोशी प्रदेशमा ENSSURE-II चरणको परियोजना सञ्चालित हुने स्थानीय तहहरू निम्नानुसार रहेका छन् :

१. विराटनगर महानगरपालिका, मोरङ
२. इटहरी उपमहानगरपालिका, सुनसरी
३. धरान उपमहानगरपालिका, सुनसरी
४. दुहवी नगरपालिका, सुनसरी
५. धनकुटा नगरपालिका, धनकुटा
६. रामधुनी नगरपालिका, सुनसरी
७. दमक नगरपालिका, झापा
८. सूर्योदय नगरपालिका, इलाम
९. त्रियुगा नगरपालिका, उदयपुर
१०. कमल गाउँपालिका, झापा
११. बुढीगङ्गा गाउँपालिका, मोरङ
१२. कटहरी गाउँपालिका, मोरङ

## ३. परियोजनाको लक्ष्य:

संघीय संरचना अनुरूपको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रणालीबाट नेपाली युवा, महिला तथा पुरुषहरूले सामाजिक तथा आर्थिक लाभ प्राप्त गर्दछन् ।

## ४. उद्देश्यहरू:

१. नेपाली युवा, महिला तथा पुरुषहरूले उपलब्धिमूलक अपेक्षित रोजगारी (Gainful employment) प्राप्त गर्नु ।
२. संघीय, प्रादेशिक र स्थानीय तहहरूबाट श्रम बजारको आवश्यकतालाई सम्बोधन गर्नु ।
३. निजी कम्पनी तथा उद्योग व्यावसायहरूले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम क्षेत्रमा संलग्न भई आवश्यक दक्ष जनशक्ति परिपूर्ति गर्नु ।

## ५. परियोजनाको मुख्य कार्यहरू:

क) सिप/तालिम कार्यक्रम

- २४ महिने प्रि-डिप्लोमा औद्योगिक प्रशिक्षार्थी तालिम, (अप्रेन्टिसिप)
- ३६ महिने डिप्लोमा औद्योगिक प्रशिक्षार्थी तालिम, (अप्रेन्टिसिप)
- १० महिने कार्यगत अभ्यास सहितको तालिम
- उद्योगमा कार्यरत व्यक्तिहरूको लागि सिप अभिवृद्धि तालिम



प्रदेश सचिव मन्त्री

ख) वृत्ति मार्गनिर्देशन तथा परामर्श कार्यक्रम

माध्यमिक विद्यालयका विद्यार्थीहरूलाई आफनो रुची, खुवी र क्षमता अनुसारको वृत्ति छनौट गर्न सहजीकरण र शिक्षाको संसार र कामको संसारको वारेमा जानकारीको लागि सहजीकरण गर्ने कार्यक्रम

ग) व्यावसायजन्य स्वास्थ्य तथा सुरक्षा

- उद्योग/व्यावसाय तथा तालिम केन्द्रहरूमा व्यावसायजन्य स्वास्थ्य तथा सुरक्षा प्रणाली लागु गर्न सहयोग
- तालिम नीति, निर्देशिका, पाठयक्रम तथा पाठ्यसामग्री निर्माणका लागि समन्वय र सहयोग

घ) क्षमता अभिवृद्धि

सरकारी र निजी क्षेत्रमा कार्यरत जनशक्तिको प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमसँग सम्वन्धित क्षेत्रमा क्षमता अभिवृद्धि गर्नु ।

ङ) विद्यार्थीलाई कामको संसार चिनाउने कार्यक्रम (School to Work Transition Program)

सामुदायिक विद्यालयका कक्षा ८, ९ र १० का विद्यार्थीहरूलाई विद्यालयमा नै शैक्षिक कार्यक्रम सँग सँगै कामको संसार, श्रम बजारमा प्रवेश गर्न आवश्यक पर्ने ज्ञान सिप, जीवन उपयोगी सिप, विज्ञहरूको अनुभव, उद्योगहरूमा अवलोकन र उद्यमशीलता सिप विकास सम्वन्धी कार्यक्रमहरू सञ्चालन ।

## ६. ENSSURE-II परियोजना आ.व. २०८२/०८३ को वजेट

आ. व. २०८२/८३ मा ENSSURE-II अन्तर्गतका कार्यक्रम कार्यान्वयनका लागि कोशी प्रदेशमा रू. ११,३८,७०,००० वजेट रहेको छ जसमध्ये सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश मार्फत सञ्चालन हुने कार्यक्रमका लागि रू. ४,१७००,००० र १२ वटा स्थानीय तहहरू मार्फत सञ्चालन हुने कार्यक्रमका लागि रू. ७,२१७०,००० रहेको छ ।

## ७. परियोजनाको मुख्य कार्यक्रम, वार्षिक लक्ष्य र वजेटः

(क) प्रदेश सरकार (सामाजिक विकास मन्त्रालय) मार्फत कार्यान्वयन हुने मुख्य कार्यक्रमहरूः

| क्र.स | परिणाम (Output) | इकाई | लक्ष्य | वजेट (रु. हजारमा) |
|---|---|---|---|---|
| Output 1.1: Nepalese youth attend TVET courses that meet their needs. | | | | |
| १ | आ.व. २०८०/०८१ मा छनोट भई प्रशिक्षणरत औद्योगिक प्रशिक्षार्थी तालिम सञ्चालन निरन्तरता | प्रशिक्षार्थी | ४१८ | ६००० |
| २ | आ.व. २०८१/०८२ मा छनोट भई प्रशिक्षणरत औद्योगिक प्रशिक्षार्थी तालिम सञ्चालन निरन्तरता | प्रशिक्षार्थी | ३७० | २०५०० |
| ३ | औद्योगिक प्रशिक्षार्थी तालिम (३६ महिने) सञ्चालन | प्रशिक्षार्थी | २० | २३०० |
| ४ | औद्योगिक प्रशिक्षार्थी तालिम (२४ महिने) सञ्चालन | प्रशिक्षार्थी | २०० | ११००० |
| ५ | शिक्षालय र औद्योगिक प्रतिष्ठानमा औद्योगिक प्रशिक्षार्थी तालिमको अभिमुखीकरण र समीक्षा | पटक | १ | १५० |
| Output 1.3: Nepali youths have access to career guidance services. | | | | |
| ६ | वृत्ति मार्ग-निर्देशन सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन | महिना | १२ | ४५० |
| ७ | वृत्ति मार्गनिर्देशन सम्बन्धी शिक्षकहरूलाई ७ दिने प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन | जना | २० | ५५० |
| Project steering | | | | |
| ८ | परियोजना सम्बन्धी विभिन्न समितिहरूको बैठक, अनुगमन, | महिना | ४ | ४५० |

| क.स | परिणाम (Output) | इकाई | लक्ष्य | वजेट (रु. हजारमा) |
|---|---|---|---|---|
| | सुपरिवेक्षण तथा प्रशासनिक कार्य | | | |
| ९ | परियोजना प्रगति समीक्षा र योजना तर्जुमा सम्बन्धी बैठक र कार्यशाला गोष्ठी | पटक | १ | ३०० |
| | जम्मा वजेट | | | ४१७०० |

(ख) १२ वटा स्थानीय तह/सरकार (शिक्षा महाशाखा/शाखा) मार्फत कार्यान्वयन हुने मुख्य कार्यक्रमहरू:

| क.स | परिणाम (Output) | इकाई | लक्ष्य | वजेट (रु. हजारमा) |
|---|---|---|---|---|
| **Output 1.1: Nepalese youth attend TVET courses that meet their needs.** | | | | |
| १ | आ.व. २०८०/०८१ मा छनोट भई प्रशिक्षणरत कार्यगत अभ्याससहितको तालिम सञ्चालन निरन्तरता | प्रशिक्षार्थी | ३२४ | १०२०० |
| २ | आ.व. २०८१/०८२ मा छनोट भई प्रशिक्षणरत कार्यगत अभ्याससहितको तालिम सञ्चालन निरन्तरता | प्रशिक्षार्थी | ५०० | २५४०० |
| ३ | कार्यगत अभ्याससहितको तालिम सञ्चालन | प्रशिक्षार्थी | १४० | ८०६० |
| ४ | कार्यगत अभ्याससहितको तालिम प्रशिक्षार्थीको सिप परीक्षण सञ्चालन | प्रशिक्षार्थी | ८३५ | ५४४० |
| ५ | कार्यगत अभ्यास सहितको तालिम सम्बन्धी सूचना प्रचार-प्रसार तथा सेवा खरिद | पटक | ७ | ३५० |
| **Output 1.3 Nepali youth have access to career guidance services.** | | | | |
| ६ | स्थानीय तहमा वृत्ति मार्गनिर्देशन सेवा इकाई सञ्चालन | महिना | १३२ | २७५० |
| ७ | वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालित विद्यालयहरूका लागि कार्यपुस्तिका (workbook) छपाई तथा वितरण | संख्या | ११९५० | ९८० |
| ८ | वृत्ति मार्गनिर्देशन सम्बन्धी शिक्षकहरूलाई पुनर्ताजगी प्रशिक्षण तालिम सञ्चालन | संख्या | ६० | ६५० |
| **Output 1.4 Secondary schools implement the STW transition model** | | | | |
| ९ | विद्यार्थीलाई कामको संसार चिनाउने कार्यक्रमहरू (School to work transition) | विद्यालय | ५३ | १०६०० |
| **Project steering** | | | | |
| १० | कार्यक्रम समीक्षा तथा योजना तर्जुमा | पटक | २४ | ३५९० |
| ११ | परियोजना सम्बन्धी, गोष्ठी, समीक्षाबैठक, कार्यक्रम अनुगमन, सुपरिवेक्षण कार्य तथा विविध कार्यका लागि आवश्यक खर्च | महिना | १४४ | ४१५० |
| | जम्मा वजेट | | | ७२,१७० |

प्रदेश सचिव

८. आ.व. २०८२/०८३ को कार्यक्रम तथा त्रैमासिक बजेट

क) प्रदेश सरकार, कोशी प्रदेश (सामाजिक विकास मन्त्रालय) मार्फत कार्यान्वयन हुने कार्यक्रम तथा बजेट

बजेट उपशीर्षक नं : ३५०९११२६

| क.स. | कार्यक्रम | खर्च शीर्षक | इकाई | बार्षिक संख्या | बार्षिक दर | स्वीकृत बार्षिक बजेट रू. हजारमा | प्रथम त्रैमासिक संख्या | प्रथम त्रैमासिक बजेट | दोस्रो त्रैमासिक संख्या | दोस्रो त्रैमासिक बजेट | तेस्रो त्रैमासिक संख्या | तेस्रो त्रैमासिक बजेट | चौथो त्रैमासिक संख्या | चौथो त्रैमासिक बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **Output 1.1: Nepalese youth attend TVET courses that meet their needs.** | | | | | | | | | | | | | | |
| १ | आ.व. २०८०/८१ मा छनोट भई प्रशिक्षणरत औद्योगिक प्रशिक्षार्थी तालिम सञ्चालन निरन्तरता | २६३३२ | प्रशिक्षार्थी | ४१८ | ११.९६ | ६००० | ४१८ | १६६६ | ४१८ | २६६६ | ४१८ | १६६८ | ० | ० |
| २ | आ.व. २०८१/८२ मा छनोट भई प्रशिक्षणरत औद्योगिक प्रशिक्षार्थी तालिम (२४ महिने) सञ्चालन निरन्तरता | २६३३२ | प्रशिक्षार्थी | ३७० | ५५.४१ | २०५०० | ० | ० | ३७० | ६८३६ | ३७० | ६८०० | ३७० | ६८६४ |
| ३ | औद्योगिक प्रशिक्षार्थी तालिम (३६ महिने) सञ्चालन | २६३३२ | प्रशिक्षार्थी | २० | ११५ | २३०० | ० | ० | २० | ७६६ | २० | ७६६ | २० | ७६८ |
| ४ | औद्योगिक प्रशिक्षार्थी तालिम (२४ महिने) सञ्चालन | २६३३२ | प्रशिक्षार्थी | २०० | ५५ | ११००० | ० | ० | २०० | ४००० | २०० | ४००० | २०० | ३००० |
| ५ | शिक्षालय र औद्योगिक प्रतिष्ठानमा औद्योगिक प्रशिक्षार्थी तालिमको अभिमुखीकरण र समीक्षा | २६३३२ | पटक | १ | १५० | १५० | ० | ० | ० | ० | १ | १५० | ० | ० |
| **Output 1.3 Nepali youth have access to career guidance service.** | | | | | | | | | | | | | | |
| ६ | वृत्ति मार्ग-निर्देशन सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन | २६३३२ | महिना | १२ | ३७.५ | ४५० | ३ | १५० | ३ | १०० | ३ | १०० | ३ | १०० |
| ७ | वृत्ति मार्गनिर्देशन सम्बन्धी शिक्षकहरूलाई ७ दिने प्रशिक्षण तालिम सञ्चालन | २६३३२ | जना | २० | २७.५ | ५५० | ० | ० | २० | ५५० | ० | ० | ० | ० |
| **Project Steering** | | | | | | | | | | | | | | |
| ८ | परियोजना सम्बन्धी विभिन्न समितिहरूको बैठक, अनुगमन, सुपरिवेक्षण तथा प्रशासनिक कार्य | २६३३२ | महिना | ४ | ११२.५ | ४५० | १ | १०० | १ | १०० | १ | १५० | १ | १०० |
| ९ | परियोजना प्रगति समीक्षा र योजना तर्जुमा सम्बन्धी बैठक र कार्यशाला गोष्ठी | २६३३२ | पटक | १ | ३०० | ३०० | ० | ० | ० | | १ | ३०० | ० | ० |
| | सामाजिक विकास मन्त्रालयको जम्मा बजेट | | | | | ४१७०० | | १९१६ | | १५०१८ | | १३९३४ | | १०८३२ |



प्रदेश सचिव

मन्त्री

(ख) स्थानीय तह (शिक्षा महाशाखा/शाखा) मार्फत कार्यान्वयन हुने कार्यक्रम तथा उक्त कार्यक्रमको बार्षिक बजेट:

बजेट उपशीर्षक नं : ८०१०१११

| क.स | कार्यक्रम | खर्च शीर्षक | विराटनगर | इटहरी | धरान | सूर्योदय | धनकुटा | दुहवी | रामधुनी | त्रियुगा | कमल | दमक | बुढीगङ्गा | कटहरी | जम्मा रकम (लाखमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Output 1.1: Nepalese youth attend TVET courses that meet their needs. | | | | | | | | | | | | | | | |
| १ | आ.व. २०८०/८१ मा छनोट भई प्रशिक्षणरत कार्यगत अभ्याससहितको | २६३३२ | २० | 0 | 0 | २२ | ५ | 0 | ७.५ | ७ | १० | १५ | ७ | ८.५ | १०२ |
| २ | आ.व. २०८१/८२ मा छनोट भई प्रशिक्षणरत तालिम सञ्चालन निरन्तरता | २६३३२ | ३३ | ३५ | २२ | १० | २० | २० | २२ | २४ | ८ | २६ | १० | २४ | २५४ |
| ३ | कार्यगत अभ्याससहितको तालिम सञ्चालन | २६३३२ | ११.५ | ० | ११.५ | ११.५ | ११.५ | ११.५ | ११.६ | ११.५ | ० | ० | ० | ० | ८०.५ |
| ४ | कार्यगत अभ्याससहितको तालिम प्रशिक्षार्थीको सिप परीक्षण सञ्चालन | २६३३२ | ९ | ३.९ | २.६ | ५ | ४ | ४ | ३.९ | ५ | ३.६ | ५.५ | ३.५ | ४.५ | ४४.५ |
| ५ | कार्यगत अभ्याससहितको तालिमसम्बन्धी सूचना प्रचार-प्रसार तथा सेवा खरिद | २६३३२ | ०.५ | ० | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | ० | ० | ० | ० | ३.५ |
| Output 1.3 Nepali youth have access to a career guidance service. | | | | | | | | | | | | | | | ० |
| ६ | स्थानीय तहमा वृत्ति मार्गनिर्देशन सेवा इकाई स्थापना र सञ्चालन | २६३३२ | २.५ | 0 | २.५ | २.५ | २.५ | २.५ | २.५ | २.५ | २.५ | २.५ | २.५ | २.५ | २७.५ |
| ७ | वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालित विद्यालयहरूका लागि कार्यपुस्तिका (workbook) छपाई तथा वितरण | २६३३२ | २ | ०.५ | १.३ | ०.५ | ०.५ | ०.५ | ०.५ | १.५ | ०.५ | १ | ०.५ | ०.५ | ९.८ |
| ८ | वृत्ति मार्गनिर्देशन सम्बन्धी शिक्षकहरूलाई पुनर्ताजगी प्रशिक्षण तालिम सञ्चालन | २६३३२ | ० | ० | ३ | ० | ० | ० | ० | ३.५ | ० | ० | ० | ० | ६.५ |
| Output 1.4 Secondary schools implement the STW transition model | | | | | | | | | | | | | | | ० |
| ९ | विद्यार्थीलाई कामको संसार चिनाउने कार्यक्रमहरू (School to work transition) | २६३३२ | १६ | ८ | १० | ८ | ८ | १२ | ८ | ८ | ४ | ८ | १० | ६ | १०६ |
| Project Steering | | | | | | | | | | | | | | | ० |
| १० | कार्यक्रम समीक्षा तथा योजना तर्जुमा | २६३३२ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | २.९ | ३ | ३ | ३ | ३५.९ |
| ११ | कार्यक्रमको सुपरिवेक्षण, अनुगमन तथा मुल्यांकन | २६३३२ | ३.५ | ३.६ | ३.६ | ३.५ | ३.५ | ३.६ | ३.५ | ३.५ | ३ | ३.६ | ३ | ३.६ | ४१.५ |
| | जम्मा बजेट (हजारमा) | | १०१ | ५४ | ६० | ६६.५ | ५८.५ | ५७.५ | ६३ | ७० | ३४.५ | ६४.६ | ३९.५ | ५२.६ | ७२१.७ |

प्रदेश सचिव

मन्त्री

## ९. आ.व. २०८२/०८३ को कार्यक्रम कार्यान्वयन मार्गदर्शन

(क) प्रदेश सरकार सामाजिक विकास मन्त्रालय र शिक्षालयहरूबाट कार्यान्वयन हुने कार्यक्रमहरूको कार्यान्वयन प्रक्रियाः

**Output 1.1: Nepalese youth attend TVET courses that meet their needs.**

१. आ.व.२०८०/८१ मा छनोट भई प्रशिक्षणरत औद्योगिक प्रशिक्षार्थी तालिम सञ्चालन निरन्तरता

| बजेट उपशीर्षक नं | खर्च शीर्षक नं | IMBIS कोड नं | परिमाण | संख्या | बजेट रू. (हजारमा) | समय अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०९११२६ | ४६४१२ | २.७.८.१४१ | १ | ४१८ | ६००० | पहिलो,दोस्रो र तेस्रो |
| विषयक्षेत्र | विवरण | | | | | |
| पृष्ठभूमि | | | | | | |

सामाजिक विकास मन्त्रालयको ENSSURE परियोजना तर्फको बजेटबाट गत आ.व. २०८०/०८१ मा १३ बटा शिक्षालय/विद्यालयहरू छनौट भई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् CTEVT को स्वीकृत पाठ्यक्रम र परीक्षा नियन्त्रण कार्यालय सानोठिमी भक्तपुरबाट प्रकाशित सूचना बमोजिम प्रशिक्षार्थी भर्ना भई वि.सं २०८० कार्तिक/मंसिर महिना देखि २४ महिने अप्रेन्टिसिप कार्यक्रम सञ्चालनमा रहेको छ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) द्वारा स्वीकृत औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिसिप) छनौट भर्ना र मूल्याङ्कन निर्देशिका २०७९ बमोजिम शिक्षालयसँग सम्झौता भई कार्यक्रम कार्यान्वयनमा रहेको छ । CTEVT द्वारा अप्रेन्टिसिप कार्यक्रम सञ्चालनका लागि स्वीकृत खर्चको मापदण्डका आधारमा यस मन्त्रालयबाट गत आ.व. २०८१/८२ सम्ममा जम्मा लागतको ९५% रकम निकासा भएको छ भने चालु आ.व. मा बाँकी ५% रकम यस शीर्षकबाट खर्च गर्ने गरी बजेट व्यवस्थापन गरिएको छ ।

गत आ.व.२०८०/८१ मा अप्रेन्टिसिप कार्यक्रम सञ्चालन भएका शिक्षालय/विद्यालयहरू-:

| क्र.स. | शिक्षालयको नाम | औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रम | स्वीकृत कोटा | २०८२ असार मसान्तसम्म कायम रहेको संख्या |
|---|---|---|---|---|
| १ | श्री मनमोहन स्मृति पोलिटेक्निक ईन्स्टिच्यूट, | Mechanical Engineering | २० | ९ |
| | | Automobile Engineering | २० | ११ |
| | | Electrical engineering | २० | १८ |
| | | Information Technology | २० | १८ |
| २ | श्री शैलजा आचार्य मेमोरियल पोलिटेक्निक, | Early Childhood Development Facilitation (ECDF) | ३० | २६ |
| | | Information Technology | ३० | २१ |
| ३ | श्री नर बहादुर कर्माचार्य, इटहरी | Hotel Management | ४० | २७ |
| ४ | श्री नर बहादुर कर्माचार्य, बिर्तामोड | Hotel Management | ३० | २१ |
| ५ | श्री शहिद स्मृति प्रतिष्ठान पोलिटेक्निक, | Civil Engineering (Building Construction) | ३० | २६ |
| ६ | श्री आदर्श माध्यामिक विद्यालय, | Information Technology | ३० | १५ |
| | | Early Childhood Development Facilitation (ECDF) | ३० | २७ |
| ७ | श्री महानगर पोलिटेक्निक ईन्स्टिच्यूट, विराटनगर | Electrical Engineenng | ३० | १३ |
| | | Civil Engineering (Building Construction) | २७ | १३ |
| ८ | श्री पुष्पधिरेन्द्र स्मृति प्रतिष्ठान, | Information Technology | ४० | ३५ |
| ९ | कन्काई पोलिटेक्निक ईन्स्टिच्यूट, | Information Technology | ३८ | ३४ |

| | | | | |
|---|---|---|---|---|
| | | Civil Engineering (Building Construction) | २० | १७ |
| १० | मोहनमाया माध्यामिक विद्यालय, | Civil Engineering | २० | १७ |
| | | Early Childhood Development Facilitation | ४० | ३३ |
| ११ | रत्न कुमार बान्तवा पोलिटेक्निक | Tea Technology | ४० | २८ |
| १२ | गणेशमान सिंह अध्ययन प्रतिष्ठान प्रा. तथा व्यव. शिक्षालय झापा | Civil Engineering (Building Construction) | १९ | १३ |
| १३ | दुर्गा मा.वि., उर्लाबारी, झापा | Civil Engineering (Building Construction) | २० | १४ |
| | जम्मा १४ | | ५९४ | ४३६ |

| | |
|---|---|
| उद्देश्यः | अप्रेन्टिसिप (औद्योगिक प्रशिक्षार्थी) तालिम कार्यक्रम सञ्चालन गरी सिपयुक्त जनशक्ति उत्पादन गर्नु । |
| कार्यान्वय/सञ्चालन प्रक्रिया | • शिक्षालय/विद्यालयले CTEVT द्वारा स्वीकृत ***औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिसिप) प्रशिक्षार्थी छनौट- भर्ना र मूल्याङ्कन निर्देशिका (संशोधन सहित) २०८०*** बमोजिम विद्यालयले कक्षा सञ्चालन गर्ने र नियमानुसार फारम भरी CTEVT ले लिने अन्तिम परीक्षामा प्रशिक्षार्थीहरूलाई सहभागी गराउने ।<br>• मन्त्रालयले सम्झौता गरिएका प्राविधिक शिक्षालय/संस्थालाई आ.व. २०८०/०८१ मा शुरू भएको औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रम निरन्तर सञ्चालनका लागि सम्झौता बमोजिम **औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिसिप) का लागि लागत अनुमान (खर्च मापदण्ड–२०८०)** का आधारमा सम्बन्धित शिक्षालय/विद्यालयको खातामा निकासा दिने ।<br>• शिक्षालय/विद्यालयले सम्झौता बमोजिम ८० प्रतिशत प्रशिक्षार्थी उतीर्ण भएको प्रमाण सहित मन्त्रालयमा प्रत्यक्ष लागत रकमको अन्तिम ५ प्रतिशत किस्ता माग गर्नुपर्ने ।<br>• प्रशिक्षार्थी यातायात खर्च, पोशाक खर्च तथा बिमा बापतको रकम निर्देशिका र सम्झौता बमोजिम सम्बन्धित विद्यार्थीको खातामा विद्यालयले निकासा गरी विवरण पेश गरेपश्चात मन्त्रालयबाट रकम सोध भर्नाको रुपमा निकासा गर्ने ।<br>• पाठ्यक्रमले तोके बमोजिम शिक्षालय/विद्यालयमा कार्यक्रम सञ्चालन गर्ने, औद्योगिक सिकाइको अनुगमन गर्ने, प्रशिक्षार्थीहरूको फारम भर्ने/भराउने र परीक्षामा सहभागी गराउने दायित्व सम्बन्धित शिक्षालय/विद्यालयको हुनेछ ।<br>• मन्त्रालयबाट निकासा भएको रकम तोकिएको शीर्षकमा प्रचलित आर्थिक तथा वित्तीय उत्तरदायित्व ऐन, नियमावली र सार्वजनिक खरिद ऐन, नियमावली अनुसार खर्च गरी कानून बमोजिम लेखा राख्ने र लेखा परीक्षण समेत गर्ने दायित्व सम्बन्धित शिक्षालय/विद्यालयको हुनेछ। शिक्षालय/विद्यालयले लेखा परीक्षण प्रतिवेदन र समग्र प्रतिवेदन मन्त्रालयम पेश गर्नु पर्नेछ ।<br>• मन्त्रालय र PSU ले संयुक्त/छुट्टाछुट्टै अनुगमन कार्य सञ्चालन गर्न सक्ने । |
| सम्बद्ध निकाय | सामाजिक विकास मन्त्रालय, ENSSURE परियोजना र शिक्षालय/विद्यालय |
| कार्यान्वयन/प्रगति सूचक | • तालिम प्रदायक शिक्षालय/संस्थासँगको सम्झौता पत्र ।<br>• तालिम प्रदायक शिक्षालय/संस्थामा प्रशिक्षणरत औद्योगिक प्रशिक्षार्थीहरूको हाजिरी ।<br>• अनुगमन प्रतिवेदन ।<br>• ENSSURE, PSU बाट प्राप्त प्रतिवेदनहरू । |
| अपेक्षित उपलब्धि | • आ.व. २०८०/०८१ मा अप्रेन्टिसिप (औद्योगिक प्रशिक्षार्थी) कार्यक्रममा भर्ना भएका प्रशिक्षार्थीहरूले २४ महिने प्रशिक्षण पूरा गर्नेछन् । |



CamScanner

२. आ.व. २०८१/८२ मा छनोट भई प्रशिक्षणरत औद्योगिक प्रशिक्षार्थी तालिम (२४ महिने) सञ्चालन निरन्तरता।

| बजेट उपशीर्षक नं | खर्च शीर्षक नं | PIMBIS कोड नं | परिमाण | संख्या | बजेट रू.(हजारमा) | समय अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०९११२६ | २६४१२ | २.७.८.१४६ | १ | ३५५ | २०५०० | दोस्रो,तेस्रो र चौथो |

| विषयक्षेत्र | विवरण |
|---|---|
| पृष्ठभूमि | सामाजिक विकास मन्त्रालयको ENSSURE परियोजना तर्फको बजेटबाट गत आ.व. २०८१/०८२ मा १० वटा शिक्षालय/विद्यालयहरू छनौट भई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् CTEVT को स्वीकृत पाठ्यक्रम र परीक्षा नियन्त्रण कार्यालय सानोठिमी भक्तपुरबाट प्रकाशित सूचना बमोजिम प्रशिक्षार्थी भर्ना भई वि.सं २०८१ कार्तिक/मंसिर महिनादेखि २४ महिने अप्रेन्टिसिप कार्यक्रम सञ्चालनमा रहेको छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) द्वारा स्वीकृत औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिसिप) छनौट भर्ना र मूल्याङ्कन निर्देशिका २०७९ बमोजिम शिक्षालयसँग सम्झौता भई कार्यक्रम कार्यान्वियनमा रहेको छ । CTEVT द्वारा अप्रेन्टिसिप कार्यक्रम सञ्चालनका लागि स्वीकृत खर्चको मापदण्डका आधारमा यस मन्त्रालयबाट गत आ.व. २०८१/०८२ मा जम्मा लागतको प्रथम र दोस्रो किस्ता ४०% र १५% रकम निकासा भएको छ भने चालु आ.व. मा बाँकी रहेको किस्ता र सोधभर्ना रकम निकासा प्रयोजनका लागि यो बजेटको व्यवस्था गरिएको छ ।<br>गत आ.व.२०८१/०८२ मा अप्रेन्टिसिप कार्यक्रम सञ्चालन भएका शिक्षालय/विद्यालयहरू -: |

| क.स. | शिक्षालय/तालिम प्रदायक संस्था | विषय | भर्ना संख्या | हालको संख्या |
|---|---|---|---|---|
| १ | श्री मनमोहन स्मृति पोलिटेक्निक, बुढीगङ्गा, मोरङ | मेकानिकल इन्जिनियरिङ | २० | १८ |
| | | अटोमोबाइल इन्जिनियरिङ | २० | १६ |
| | | इलेक्ट्रिकल इन्जिनियरिङ | २० | १७ |
| | | इन्फोर्मेशन टेक्नोलोजी | २० | १८ |
| २ | श्री नर बहादुर कर्माचार्य स्मृति प्रतिष्ठान, इटहरी, सुनसरी | होटल मेनेजमेन्ट | ३० | २६ |
| ३ | श्री आदर्श माध्यमिक विद्यालय, विराटनगर, मोरङ | इन्फोर्मेशन टेक्नोलोजी | ३० | २५ |
| | | पूर्व बालविकास सहजीकरण | ३० | २८ |
| ४ | श्री शैलजा आचार्य स्मृति प्रतिष्ठान, जहदा, मोरङ | इन्फोर्मेशन टेक्नोलोजी | २० | २० |
| ५ | श्री कनकाई पोलिटेक्निक इन्स्टिच्युट, कन्काई, झापा | इन्फोर्मेशन टेक्नोलोजी | ३० | ३० |
| | | बिल्डिंग कन्स्ट्रक्सन | २० | १७ |
| ६ | श्री पुष्प-धिरेन्द्र स्मृति प्रतिष्ठान, दमक, झापा | इन्फोर्मेशन टेक्नोलोजी | ३० | ३० |
| ७ | श्री मोहनमाया माध्यमिक विद्यालय, बिर्तामोड, | पूर्व बालविकास सहजीकरण | ३५ | ३५ |
| ८ | श्री गणेशमान सिंह अध्ययन प्रतिष्ठान प्राविधिक तथा व्यावसायिक शिक्षालय, शिवासताक्षी, झापा | इन्फोर्मेशन टेक्नोलोजी | २० | १८ |
| ९ | श्री रत्न कुमार बान्तवा बहुप्राविधिक शिक्षालय, इलाम | चिया प्रविधि | ३० | २२ |
| १० | श्री दुर्गा माध्यमिक विद्यालय, उर्लाबारी, मोरङ | बिल्डिंग कन्स्ट्रक्सन | २५ | १६ |
| ११ | श्री राष्ट्रिय माध्यमिक विद्यालय, इटहरी, सुनसरी | पूर्व बालविकास सहजीकरण | २० | १९ |
| | जम्मा | | ४०० | ३५५ |

| | |
|---|---|
| उद्देश्यः | अप्रेन्टिसिप (औद्योगिक प्रशिक्षार्थी) तालिम कार्यक्रम सञ्चालन गरी सिपयुक्त जनशक्ति उत्पादन गर्नु । |
| कार्यान्वयन/सञ्चालन प्रक्रिया | • शिक्षालय/विद्यालयले CTEVT द्वारा स्वीकृत *औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिसिप) प्रशिक्षार्थी छनौट भर्ना र मूल्याङ्कन निर्देशिका (संशोधन सहित) २०८०* बमोजिम विद्यालयले कक्षा सञ्चालन गर्ने र नियमानुसार फारम भरी CTEVT ले लिने परीक्षामा प्रशिक्षार्थीहरूलाई सहभागी गराउने ।<br>• शिक्षालय/विद्यालयले सम्झौता बमोजिम मन्त्रालयमा प्रत्यक्ष लागत रकमको तेश्रो किस्ता १५ |



प्रदेश सचिव

मन्त्री

| | |
|---|---|
| | प्रतिशत, चौथो किस्ता २५ प्रतिशत बापतको रकम माग गर्नुपर्ने ।<br>• मन्त्रालयले सम्झौता गरिएका प्राविधिक शिक्षालय/संस्थालाई आ.व. २०८०/०८१ मा शुरू भएको औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रम निरन्तर सञ्चालनका लागि सम्झौता बमोजिम <u>औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिसिप) का लागि लागत अनुमान (खर्च मापदण्ड - २०८०)</u> का आधारमा सम्बन्धित शिक्षालय/विद्यालयको खातामा निकासा दिने ।<br>• तालिम कार्यक्रम निरन्तर सञ्चालनका लागि सम्झौता बमोजिम चालु आ.व.का लागि तोकिएको प्रत्यक्ष लागत तर्फको तोकिएको रकम शिक्षालय/विद्यालयको कार्यक्रमको प्रगति, प्रशिक्षार्थीको नियमितता सहितको प्रतिवेदन र माग पत्रका आधारमा मन्त्रालयबाट निकासा दिने ।<br>• प्रशिक्षार्थी यातायात खर्च, पोशाक खर्च तथा बिमा बापतको रकम निर्देशिका र सम्झौता बमोजिम सम्बन्धित विद्यार्थीको खातामा विद्यालयले निकासा गरी विवरण पेश गरेपश्चात मन्त्रालयबाट रकम सोध भर्नाको रुपमा निकासा गर्ने ।<br>• प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् CTEVT द्वारा स्वीकृत <u>औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिसिप) का लागि लागत अनुमान (खर्च मापदण्ड - २०८०</u> को आधारमा मन्त्रालयले बजेट चालु आ.व. को स्वीकृत बजेटबाट निकासा गर्ने ।<br>• पाठ्यक्रमले तोके बमोजिम शिक्षालय/विद्यालयमा कार्यक्रम सञ्चालन गर्ने, औद्योगिक सिकाइको अनुगमन गर्ने, प्रशिक्षार्थीहरूको फारम भर्ने/भराउने र परीक्षामा सहभागी गराउने दायित्व सम्बन्धित शिक्षालय/विद्यालयको हुनेछ ।<br>• मन्त्रालयबाट निकासा भएको रकम तोकिएको शीर्षकमा प्रचलित आर्थिक तथा वित्तीय उत्तरदायित्व ऐन, नियमावली र सार्वजानिक खरिद ऐन, नियमावली अनुसार खर्च गरी कानून बमोजिम लेखा राख्ने र लेखा परीक्षण समेत गर्ने दायित्व सम्बन्धित शिक्षालय/विद्यालयको हुनेछ। शिक्षालय/विद्यालयले लेखा परीक्षण प्रतिवेदन र समग्र प्रतिवेदन मन्त्रालयम पेश गर्नु पर्नेछ ।<br>• मन्त्रालय र PSU ले संयुक्त/छुट्टाछुट्टै अनुगमन कार्य सञ्चालन गर्न सक्ने । |
| सम्बद्ध निकाय | सामाजिक विकास मन्त्रालय, ENSSURE परियोजना र शिक्षालय/विद्यालय |
| कार्यान्वयन/प्रगति सूचक | • तालिम प्रदायक शिक्षालय/संस्थासँगको सम्झौता पत्र ।<br>• तालिम प्रदायक शिक्षालय/संस्थामा औद्योगिक प्रशिक्षार्थीहरूको हाजिरी ।<br>• अनुगमन प्रतिवेदन ।<br>• ENSSURE, PSU बाट प्राप्त प्रतिवेदनहरू । |
| अपेक्षित उपलब्धि | गत आ.व.मा भर्ना भएका प्रशिक्षार्थीहरू २४ महिने प्रशिक्षण कार्यक्रममा निरन्तर भई विषयसँग सम्बन्धित उद्योगमा अभ्यास गरेका हुनेछन् । |

प्रदेश सचिव

मन्त्री

३. औद्योगिक प्रशिक्षार्थी तालिम (३६ महिने) सञ्चालन

| बजेट उपशीर्षक नं | खर्च शीर्षक नं | P I MBIS कोड नं | परिमाण | संख्या | बजेट रू. (हजारमा) | समय अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०९११२६ | ४६४१२ | २.७.८.१२४ | १ | २० | २३०० | दोस्रो,तेस्रो र चौथो |

| विषयक्षेत्र | विवरण |
|---|---|
| पृष्ठभूमि | शिक्षा, सिप/तालिम र रोजगारी बीचको खाडल दिन प्रतिदिन बढ्दै गएको र युवाहरूको रोजगारीमा पहुँच कम हुदै गइरहेको छ । त्यसैले युवाहरूलाई सिप/तालिम सँगसंगै रोजगारीको अवसर पनि सुनिश्चित हुने उद्देश्यले सामाजिक विकास मन्त्रालयको चालु आ.व.२०८२/०८३ मा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् CTEVT बाट स्वीकृत ३६ महिने अप्रेन्टिसिप (औद्योगिक प्रशिक्षार्थी) तालिम (डिप्लोमा तह) को पाठ्यक्रमको आधारमा छनौट भएका शिक्षालय/विद्यालय मार्फत २० जनाको लागि उक्त कार्यक्रम सञ्चालन गर्ने योजना रहेको छ। यो कार्यक्रम सामाजिक विकास मन्त्रालय, कोशी प्रदेशले यस प्रदेशभित्र रहेका आंगिक शिक्षालय, साझेदार शिक्षालय र सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कायक्रम (TECS) विद्यालयहरूबाट प्रस्ताव माग गरी छनौट भएका शिक्षालयसँग सम्झौता गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ । यो तालिमको मोडालिटि अनुसार १ वर्ष शिक्षालयमा र २ वर्ष उद्योग/कम्पनीमा कारम गर्दै सिक्नु पर्ने हुन्छ । कार्यक्रम सञ्चालन गर्दा CTEVT को नियमित शैक्षिक क्यालेन्डर अनुसार प्रशिक्षार्थीहरूको छनौट तथा भर्ना गर्नुको साथै कार्यक्रम सञ्चालन गरिनेछ ।<br>स्वीकृत पाठ्यक्रमः<br>१. होटेल मेनेजमेन्ट (Hotel Management) |
| उद्देश्य | अप्रेन्टिसिप (औद्योगिक प्रशिक्षार्थी) तालिम कार्यक्रम सञ्चालन गरी दक्ष जनशक्ति उत्पादन गर्नु । |
| कार्यान्वयन/सञ्चालन प्रक्रिया | • औद्योगिक प्रशिक्षार्थी तालिम (३६ महिने अप्रेन्टिसिप) सञ्चालन<br>• चालु आ.व. मा अप्रेन्टिसिप कार्यक्रम सञ्चालन गर्नका लागि CTEVT द्वारा स्वीकृत हुने औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिसिप ) प्रशिक्षार्थी छनौट- भर्ना र मूल्याङ्कन निर्देशिका ( औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रम ३६ महिने) बमोजिम मन्त्रालयले सूचना प्रकाशित गरी शिक्षालयसँग प्रस्तावहरू माग गर्ने<br>• प्राप्त प्रस्तावहरूमध्ये १ वटा विद्यालय/शिक्षालय छनौट गरी उक्त शिक्षालय/विद्यालयसँग सम्झौता पश्चात CTEVT परीक्षा नियन्त्रण कार्यालयलाई भर्ना सूचनाका लागि पठाउने र CTEVT परीक्षा नियन्त्रण कार्यालयबाट अप्रेन्टिसिप कार्यक्रममा भर्ना सम्बन्धी सूचना प्रकाशित भएपछि सम्बन्धित शिक्षालयलाई सूचना अनुसार विद्यार्थी भर्नाको लागि जानकारी गर्ने ।<br>• प्राप्त आवेदन र छनौट भएका प्रशिक्षार्थीको विवरण सम्बन्धित शिक्षालय/विद्यालयले CTEVT को ITMS र ENSSURE Database System मा प्रविष्ट गर्ने ।<br>• शिक्षालय/विद्यालयले CTEVT द्वारा स्वीकृत हुने औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिसिप) प्रशिक्षार्थी छनौट- भर्ना र मूल्याङ्कन निर्देशिका ( औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रम ३६ महिने) बमोजिम कार्यक्रम सञ्चालन गर्ने ।<br>• मन्त्रालयले सम्झौता गरिएका प्राविधिक शिक्षालय/संस्थालाई आ.व. २०८२/०८३ बाट सञ्चालन हुने ३६ महिने डिप्लोमा तहको औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रम सञ्चालनका लागि सम्झौता बमोजिम औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिसिप) का लागि लागत अनुमान र खर्च मापदण्ड का आधारमा सम्बन्धित शिक्षालय/विद्यालयको खातामा निकासा दिने ।<br>• पाठ्यक्रमले तोके बमोजिम शिक्षालय/विद्यालयमा कार्यक्रम सञ्चालन गर्ने, औद्योगिक सिकाइको अनुगमन गर्ने, प्रशिक्षार्थीहरूको फारम भर्ने/भराउने र परीक्षामा सहभागी गराउने दायित्व सम्बन्धित शिक्षालय/विद्यालयको हुनेछ । |



प्रदेश सचिव

मन्त्री

CamScanner

| | |
|---|---|
| | • मन्त्रालयबाट निकासा भएको रकम तोकिएको शीर्षकमा प्रचलित आर्थिक तथा वित्तीय उत्तरदायित्व ऐन, नियमावली र सार्वजानिक खरिद ऐन, नियमावली अनुसार खर्च गरी कानून बमोजिम लेखा राख्ने र लेखा परीक्षण समेत गर्ने दायित्व सम्बन्धित शिक्षालय/विद्यालयको हुनेछ। शिक्षालय/विद्यालयले लेखा परीक्षण प्रतिवेदन र समग्र प्रतिवेदन मन्त्रालयम पेश गर्नु पर्नेछ ।<br>• मन्त्रालय र PSU ले संयुक्त/छुट्टाछुट्टै अनुगमन कार्य सञ्चालन गर्न सक्ने । |
| सम्बद्ध निकाय | सामाजिक विकास मन्त्रालय, ENSSURE परियोजना र शिक्षालय/विद्यालय |
| कार्यान्वयन/प्रगति सूचक | • शिक्षालय/तालिम प्रदायक संस्थासँगको सम्झौता पत्र ।<br>• औद्योगिक प्रशिक्षार्थीहरूको प्रमाणित हाजिरी ।<br>• अनुगमन प्रतिवेदन ।<br>• शिक्षालय/तालिम प्रदायक संस्थाबाट प्राप्त प्रगति प्रतिवेदन र ENSSURE Database बाट प्राप्त प्रमाणित प्रतिवेदनहरू |
| अपेक्षित उपलब्धि | २० जना प्रशिक्षार्थीहरू ३६ महिने प्रशिक्षण कार्यक्रममा छनौट भई अध्ययनरत हुने । |

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय कोशी प्रदेश विराटनगर, नेपाल



प्रदेश सचिव

मन्त्री

४. औद्योगिक प्रशिक्षार्थी तालिम (२४ महिने) सञ्चालन

| बजेट उपशीर्षक नं | खर्च शीर्षक नं | PIMBIS कोड नं | परिमाण | संख्या | बजेट रु. (हजारमा) | समय अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०९११२६ | २६४१२ | २.७.८.१४५ | १ | २०० | ११००० | दोस्रो,तेस्रो र चौथो |

| विषय क्षेत्र | विवरण |
|---|---|
| पृष्ठभूमि | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् CTEVT बाट स्वीकृत पाठ्यक्रम अनुसार २४ महिने औद्योगिक प्रशिक्षार्थी (अप्रेन्टिसिप) तालिम कार्यक्रम (प्रि-डिप्लोमा तह) सञ्चालनमा रहेको छ । हालसम्म CTEVT बाट स्वीकृत जम्मा आठ वटा विषयका पाठ्यक्रमहरू रहेका छन । नेपाल सरकार र स्वीस सरकारको द्विपक्षीय सम्झौता भई सञ्चालनमा रहेको ENSSURE परियोजनाको बजेटबाट चालु आ.व. २०८२/०८३ मा विभिन्न शिक्षालयहरू मध्ये छनोट भएका शिक्षालय/विद्यालयहरू मार्फत २०० जना प्रशिक्षार्थीहरूका लागि तालिम कार्यक्रम सञ्चालन गर्ने प्रयोजनार्थ यो बजेटको व्यवस्था गरिएको छ ।<br>स्वीकृत पाठ्यक्रमहरू<br>१. मेकानिकल इन्जिनियरिङ<br>२. इलेक्ट्रिकल इन्जिनियरिङ<br>३. अटोमोबाइल इन्जिनियरिङ<br>४. इन्फर्मेसन टेक्नोलोजी<br>५. होटेल मेनेजमेन्ट<br>६. बिल्डिंग कन्स्ट्रक्सन<br>७. बालविकास सहजकर्ता (ECDF)<br>८. चिया प्रविधि |
| उद्देश्य | औद्योगिक प्रशिक्षार्थी (अप्रेन्टिसिप) तालिम कार्यक्रम सञ्चालन गरी सिपयुक्त जनशक्ति उत्पादन गर्नु । |
| कार्यान्वयन/सञ्चालन प्रक्रिया | • चालु आ.व. मा अप्रेन्टिसिप कार्यक्रम सञ्चालन गर्न मन्त्रालयले सूचना प्रकाशित गरी शिक्षालय/विद्यालयहरूबाट प्रस्ताव माग गर्ने ।<br>• सामाजिक विकास मन्त्रालयले प्राप्त प्रस्तावहरूमध्ये मापदण्ड पुगेका शिक्षालय/विद्यालय छनौट तथा विषय र कोटा निर्धारण गरी सम्झौता गर्ने ।<br>• चालु आ.व. मा अप्रेन्टिसिप कार्यक्रम सञ्चालन गर्न मन्त्रालयले सूचना प्रकाशित गरी शिक्षालयबाट प्राप्त प्रस्तावहरूमध्ये विद्यालय/शिक्षालय छनौट गरी CTEVT परीक्षा नियन्त्रण कार्यालय पठाउने र CTEVT परीक्षा नियन्त्रण कार्यालयबाट अप्रेन्टिसिप कार्यक्रममा भर्ना सम्बन्धी सूचना प्रकाशित भएपछि सम्बन्धित विद्यालय/शिक्षालयलाई सूचना अनुसार विद्यार्थी भर्नाको लागि जानकारी गर्ने ।<br>• प्राप्त आवेदन र छनौट भएका प्रशिक्षार्थीको विवरण सम्बन्धित शिक्षालय/विद्यालयले CTEVT को ITMS र ENSSURE Database System मा प्रविष्ट गर्ने ।<br>• यस चालु आ.व.मा शिक्षालय/विद्यालयले औद्योगिक प्रशिक्षार्थी सञ्चालन सम्बन्धी खर्च मापदण्डका आधारमा सम्झौता बमोजिम मन्त्रालयमा प्रत्यक्ष लागतको पहिलो किस्ता वापत ४० प्रतिशत र कार्यक्रम सञ्चालनको ६ महिना पछि पहिलो मूल्याङ्कन पश्चात दोस्रो किस्ता वापत १५ प्रतिशत रकम माग गर्नुपर्ने ।<br>• प्रशिक्षार्थी यातायात खर्च, पोशाक खर्च तथा बिमा वापतको रकम निर्देशिका र सम्झौता बमोजिम सम्बन्धित विद्यार्थीको खातामा विद्यालय/शिक्षालयले वितरण गरी मन्त्रालयमा विवरण पेश गरेपश्चात सो रकम सोध भर्नाको रुपमा निकासा गर्ने ।<br>• मन्त्रालयले सम्झौता गरिएका प्राविधिक शिक्षालय/संस्थालाई आ.व. २०८०/०८१ मा शुरू भएको औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रम निरन्तर सञ्चालनका लागि सम्झौता बमोजिम औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिसिप) का लागि लागत अनुमान (खर्च मापदण्ड - २०८० का आधारमा सम्बन्धित शिक्षालय/विद्यालयको खातामा निकासा दिने ।<br>• तालिम कार्यक्रम निरन्तर सञ्चालनका लागि सम्झौता बमोजिम चालु आ.व.का लागि तोकिएको रकम शिक्षालय/विद्यालयको कार्यक्रमको प्रगति प्रतिवेदन र माग पत्रका आधारमा मन्त्रालयबाट निकासा दिने ।<br>• प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् CTEVT द्वारा स्वीकृत औद्योगिक प्रशिक्षार्थी तालिम |

| | |
|---|---|
| | (अप्रेन्टिसिप) का लागि लागत अनुमान (खर्च मापदण्ड - २०८० को आधारमा मन्त्रालयले बजेट चालु आ.व. को स्वीकृत बजेटबाट निकासा गर्ने ।<br>• प्रशिक्षार्थी यातायात खर्च, पोशाक खर्च तथा विमा बापतको रकम निर्देशिका र सम्झौता बमोजिम सम्बन्धित विद्यार्थीको खातामा विद्यालयले निकासा गरी विवरण पेश गरेपश्चात मन्त्रालयबाट रकम सोध भर्नाको रुपमा निकासा गर्ने ।<br>• पाठ्यक्रमले तोके बमोजिम शिक्षालय/विद्यालयमा कार्यक्रम सञ्चालन गर्ने, औद्योगिक सिकाइको अनुगमन गर्ने, प्रशिक्षार्थीहरूको फारम भर्ने/भराउने र परीक्षामा सहभागी गराउने दायित्व सम्बन्धित शिक्षालय/विद्यालयको हुनेछ ।<br>• मन्त्रालयबाट निकासा भएको रकम तोकिएको शीर्षकमा प्रचलित आर्थिक तथा वित्तीय उत्तरदायित्व ऐन, नियमावली र सार्वजनिक खरिद ऐन, नियमावली अनुसार खर्च गरी कानून बमोजिम लेखा राख्ने र लेखा परीक्षण समेत गर्ने दायित्व सम्बन्धित शिक्षालय/विद्यालयको हुनेछ । शिक्षालय/विद्यालयले लेखा परीक्षण प्रतिवेदन र समग्र प्रतिवेदन मन्त्रालयम पेश गर्नु पर्नेछ ।<br>• मन्त्रालय र PSU ले संयुक्त/छुट्टाछुट्टै अनुगमन कार्य सञ्चालन गर्न सक्ने । |
| सम्बद्ध निकाय | सामाजिक विकास मन्त्रालय, ENSSURE परियोजना र शिक्षालय/विद्यालय |
| कार्यान्वयन/प्रगति सूचक | • शिक्षालय/विद्यालयसँगको सम्झौता पत्र ।<br>• शिक्षालय/विद्यालयमा औद्योगिक प्रशिक्षार्थीहरूको हाजिरी ।<br>• अनुगमन प्रतिवेदन ।<br>• तालिम प्रदायक संस्था र ENSSURE/PSU बाट प्राप्त प्रतिवेदनहरू । |
| अपेक्षित उपलब्धि | २०० जना प्रशिक्षार्थीहरू २४ महिने प्रशिक्षण कार्यक्रममा छनौट भई अध्ययन थाल्नेछन् । |

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय कोशी प्रदेश विराटनगर, नेपाल



प्रदेश सचिव

मन्त्री

५. शिक्षालय र औद्योगिक प्रतिष्ठानमा औद्योगिक प्रशिक्षार्थी तालिमको अभिमुखीकरण र समीक्षा

| बजेट उपशीर्षक नं | खर्च शीर्षक नं | PIMBIS कोड नं | परिमाण | संख्या | बजेट रू. (हजारमा) | समय अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०९११२६ | २२५२२ | २.७.८.१३१ | २ | ५० | १५० | तेस्रो |

| विषय क्षेत्र | विवरण |
|---|---|
| पृष्ठभूमि | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् CTEVT बाट स्वीकृत पाठ्यक्रम अनुसार २४ महिने औद्योगिक प्रशिक्षार्थी (अप्रेन्टिसिप) तालिम कार्यक्रम (प्रि-डिप्लोमा तह) सञ्चालनमा रहेको छ । हालसम्म CTEVT बाट स्वीकृत जम्मा आठ वटा विषयका पाठ्यक्रमहरू रहेका छन । नेपाल सरकार र स्वीस सरकारको द्विपक्षीय सम्झौता भई सञ्चालनमा रहेको ENSSURE परियोजनाको बजेटबाट चालु आ.व. २०८२/०८३ मा विभिन्न शिक्षालयहरू मध्ये छनोट भएका शिक्षालय/विद्यालयहरू औद्योगिक प्रतिष्ठानमा औद्योगिक प्रशिक्षार्थी तालिम सम्बन्धी अभिमुखीकरण गरी यस आ.व. को अन्त्यमा कार्यक्रम सम्बन्धी प्रगति समीक्षा गर्ने। यो कार्यक्रम वर्षमा २ पटक १०० जनाको उपस्थिति रहने गरी व्यवस्था गरिएको छ। |
| उद्देश्य | औद्योगिक प्रशिक्षार्थी (अप्रेन्टिसिप) तालिम कार्यक्रमको अभिमुखीकरण तथा वार्षिक प्रगति समीक्षा गर्ने । |
| कार्यान्वयन/सञ्चालन प्रक्रिया | • सामाजिक विकास मन्त्रालयको नेतृत्वमा औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रम सञ्चालन गर्ने शिक्षालय/विद्यालय र औद्योगिक प्रतिष्ठानहरूलाई कार्यक्रमको बारेमा अभिमुखीकरण तथा वार्षिक प्रगति समीक्षा कार्यक्रम सञ्चालन गर्ने । |
| सम्बद्ध निकाय | सामाजिक विकास मन्त्रालय, शिक्षालय/विद्यालय, औद्योगिक प्रतिष्ठान |
| खर्च गर्न सकिने आधार | प्रचलित आर्थिक ऐन, नियमावली र प्रदेश सरकारद्वारा स्वीकृत "सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका २०७९" अनुसार खर्च गर्ने । |
| प्रगति सूचक | • शिक्षालय र औद्योगिक प्रतिष्ठानमा औद्योगिक प्रशिक्षार्थी तालिमको अभिमुखीकरण र समीक्षाको उपस्थिति<br>• कार्यक्रम प्रतिबेदन<br>• कार्यक्रमको खर्च विवरण |
| अपेक्षित उपलब्धि | • औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रम बारे जानकारी तथा प्रगति समीक्षा । |

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय कोशी प्रदेश विराटनगर, नेपाल



प्रदेश सचिव

मन्त्री

Output 1.3: Nepali youths have access to career guidance services.

६. वृत्ति मार्गनिर्देशन सेवा केन्द्र (Career Guidance Service Center) व्यवस्थापन तथा सञ्चालन

| बजेट उपशीर्षक नं | खर्च शीर्षक नं | PIMBIS कोड नं | परिमाण | इकाई | बजेट रु.(हजारमा) | समय अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०९११२६ | २२५२२ | २.७.८.१४४ | १२ | महिना | ४५० | पहिलो, दोस्रो , तेस्रो र चौथो |

| विषय क्षेत्र | विवरण |
|---|---|
| पृष्ठभूमि | विद्यार्थी/युवाहरूलाई वृत्ति मार्गनिर्देशन तथा परामर्श, कामको संसार र शिक्षाको संसारबारे जानकारी र भविष्यमा के बन्नको लागि के पढ्ने, कुन वृत्ति/पेशा छान्ने लगायतका विषयहरू सम्बन्धी परामर्श सेवा प्रदान गर्न सामाजिक विकास मन्त्रालय अन्तर्गतको शिक्षा तालिम केन्द्र, इनरुवा सुनसरीमा वि.स. २०८० देखि वृत्ति मार्गनिर्देशन सेवाकेन्द्र स्थापना गरी सञ्चालनमा रहेको छ । हाल ENSSURE परियोजनाको तर्फबाट एकजना परामर्शकर्ताको व्यवस्था गरिएको छ । यस केन्द्रबाट नि:शुल्क रुपमा अनुभवी तालिम प्राप्त परामर्शकर्ताबाट वृत्ति मार्गनिर्देशन तथा परामर्श सेवा प्रदान गर्ने व्यवस्था गरिएको छ । यो केन्द्रलाई दिगो तथा व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि आवश्यक पर्ने भौतिक तथा प्रशासनिक व्यवस्थापन लगायत आवश्यक सामग्रीहरूको व्यवस्थापन गर्न यो बजेट व्यवस्था गरिएको छ । |
| उद्देश्य | वृत्ति मार्गनिर्देशन सेवा केन्द्रबाट प्रवाह हुने सेवाहरु प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्ने । |
| कार्यान्वियन/सञ्चालन प्रक्रिया | • वृत्ति मार्गनिर्देशन सेवा केन्द्र सञ्चालनका लागि आवश्यक क्रियाकलाप (छपाई तथा प्रचार प्रसार, अभिमुखीकरण, मर्मत संहार) र आवश्यक सामग्री खरिदको सुची तयार गर्ने ।<br>• यसरी तयार भएको कार्यक्रम र खरिदको लागत अनुमान स्वीकृत गर्ने।<br>• स्वीकृत लागत अनुमान अनुसार प्रचलित आर्थिक तथा वित्तीय उत्तरदायित्व ऐन, नियमावली, सार्वजनिक खरिद ऐन, नियमावली र प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका २०७९ अनुसार खर्च गरी कानून बमोजिम लेखा राख्ने र लेखा परीक्षण समेत गर्ने दायित्व सम्बन्धित कार्यालयको हुनेछ । |
| सम्बद्ध निकाय | सामाजिक विकास मन्त्रालय, शिक्षा तालिम केन्द्र, इनरुवा, सुनसरी |
| कार्यान्वयन/प्रगति सूचक | • बैठकको उपस्थिती तथा निर्णय ।<br>• खरिद गरिएका सामाग्रीहरूको/बिल/भरपाई र दाखिला सहितको प्रतिवेदन<br>• कार्यक्रम सम्पन प्रतिवेदन/फोटो |
| अपेक्षित उपलब्धि | प्रदेश तहमा व्यवस्थित वृत्ति मार्गनिर्देशन सेवा केन्द्रको स्थापना भई निरन्तर सेवा प्रवाह भएको हुनेछ । |

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय कोशी प्रदेश विराटनगर, नेपाल



प्रदेश सचिव

CamScanner

Output 1.3: Nepali youths have access to career guidance services.

७. वृत्ति मार्गनिर्देशन सम्बन्धी शिक्षकहरूलाई ७ दिने प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन

| बजेट उपशीर्षक नं | खर्च शीर्षक नं | IMBIS कोड नं | परिमाण | इकाई | बजेट रू.(हजारमा) | समय अवधि (चौमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०९१११२६ | २२५१२ | २.७.८.१३८ | २० | संख्या | ५५० | दोस्रो र चौथो |

| विषय क्षेत्र | विवरण |
|---|---|
| पृष्ठभूमि | विद्यालयमा अध्ययनरत कक्षा ८, ९ र १० का विद्यार्थीहरूलाई उनीहरूको रुचि खुबी र क्षमता अनुसार वृत्ति छनौट, शिक्षाको संसार, कामको संसारको बारेमा जानकारी तथा सहजीकरणको लागि सम्बन्धित विद्यालयका तालिम प्राप्त शिक्षकहरूले वृत्ति मार्गनिर्देशन कार्यक्रमको सत्रहरू सञ्चालन गर्दछन । यसै सन्दर्भमा शिक्षा तालिम केन्द्रले ENSSURE परियोजना सञ्चालित स्थानीय तह वा परियोजना लागु नभएका पालिकाहरूसँग हेल्भेटास नेपालको प्राविधिक सहयोगमा समन्वय गरी विद्यालयका शिक्षकहरूको लागि वृत्ति मार्गनिर्देशन सम्बन्धी ७ दिने प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गर्नको लागि यो क्रियाकलापको व्यवस्थापन गरिएको छ । |
| उद्देश्य | विद्यालयका शिक्षकहरूलाई वृत्ति मार्गनिर्देशन कार्यक्रमका सत्रहरू सञ्चालन गर्न क्षमता अभिवृद्धि गर्ने। |
| कार्यान्वयन/सञ्चालन प्रक्रिया | • स्वीकृत तालिम विषयवस्तु बमोजिम स्थानीय तहहरूसँग समन्वय गरी सहभागी छनौट गर्ने ।<br>• तालिम सञ्चालनका लागि लागत अनुमान तयार गरी स्वीकृत गर्ने ।<br>• तालिम प्रदान गर्नका लागि प्रशिक्षकहरूको व्यवस्था गर्ने ।<br>• तालिमको लागि आवश्यक सामग्री तथा मसलन्दको व्यवस्था गर्ने ।<br>• तालिम सम्पन्न प्रतिवेदन तयार गर्ने ।<br>• तालिम सञ्चालन पश्चात डाटावेश अध्यावधिक गर्ने ।<br>• प्रदेश सरकारको तालिम सम्बन्धी नर्म्स अनुसार तालिम सञ्चालन गर्ने ।<br>• स्वीकृत लागत अनुमान अनुसार प्रचलित आर्थिक तथा वित्तीय उत्तरदायित्व ऐन, नियमावली, सार्वजानिक खरिद ऐन, नियमावली र प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका २०७९ अनुसार खर्च गरी कानून बमोजिम लेखा राख्ने र लेखा परीक्षण समेत गर्ने दायित्व सम्बन्धित कार्यालयको हुनेछ । |
| सम्वद्ध निकाय | सामाजिक विकास मन्त्रालय, शिक्षा तालिम केन्द्र, इनरुवा, सुनसरी |
| कार्यान्वयन/प्रगति सूचक | • कार्यक्रम सम्पन भएको प्रतिवेदन ।<br>• सहभागीहरूको हजरी रेकर्ड ।<br>• कार्यक्रमको फोटो, भिडिओ रेकर्ड ।<br>• खर्चको बिल भरपाई । |
| अपेक्षित उपलब्धि | विद्यालयका शिक्षकहरू आ-आफ्नो विद्यालयमा वृत्ति मार्गनिर्देशन कार्यक्रमका सत्रहरू सञ्चालन गर्न सक्षम हुनेछन । |

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय कोशी प्रदेश विराटनगर, नेपाल

प्रदेश सचिव

**Output 4: Project Steering**

८. परियोजना सम्बन्धी विभिन्न समितिहरूको बैठक, अनुगमन, सुपरिवेक्षण तथा प्रशासनिक कार्य

| बजेट उपशीर्षक नं | खर्च शीर्षक नं | PIMBIS कोड नं | परिमाण | इकाई | बजेट रू. (हजारमा) | समय अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०९११२६ | २६६११ | २.७.८.१२९ | ४ | पटक | ४५० | प्रथम, दोस्रो , तेश्रो, चौथो |

| विषयक्षेत्र | विवरण |
|---|---|
| पृष्ठभूमि | दिगो तथा सम्मानित रोजगारीका लागि सिप परियोजना दोस्रोलाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि नेपाल सरकार र स्वीस सरकार बिचको द्विपक्षीय सम्झौता र परियोजना दस्तावेज बमोजिम प्रदेश तहमा विभिन्न समितिहरूको व्यवस्था गरिएको छ ।<br>(क) सामाजिक विकास मन्त्रालयको मन्त्रीज्यूको अध्यक्षतामा Project Steering Committee (PSC) को बैठक ।<br>(ख) सामाजिक विकास मन्त्रालयको सचिवज्यूको अध्यक्षतामा Project Implementation Committee (PIC) को बैठक ।<br>(ग) सामाजिक विकास मन्त्रालय अन्तर्गत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम हेर्ने महाशाखा प्रमुखको संयोजकत्वमा Project Coordination and Implementation Unit (PCIU) को बैठक सञ्चालन ।<br>(घ) परियोजनासँग सम्बन्धी विभिन्न कार्यक्रमहरूको अनुगमन, सुपरिवेक्षण तथा बैठकहरू साथै प्रशासनिक कार्य सञ्चालन । |
| उद्देश्य | परियोजनाको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक पृष्ठपोषण तथा मार्ग दर्शनका लागि सम्बन्धित समितिहरूको बैठक सञ्चालनको साथै कार्यक्रमहरूको अनुगमन, सुपरिवेक्षण तथा प्रशासनिक कार्य गर्न । |
| कार्यान्वयन/सञ्चालन प्रक्रिया | • बैठकका विषयवस्तु र मिति तय गर्ने ।<br>• सरोकारवालाहरूलाई सूचना संचार गर्ने ।<br>• बैठकमा भएका छलफल तथा निर्णयहरूको माइन्युट गर्ने ।<br>• कार्यक्रम अनुगमनको योजना बनाउने र कार्यान्वयन गर्ने ।<br>• अनुगमन प्रतिवेदन तयार गर्ने ।<br>• यस कार्यक्रमको खर्च गर्ने आधार प्रचलित आर्थिक ऐन, नियमावली तथा प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिक २०७९ बमोजिम हुनेछ। |
| सम्बद्ध निकाय | सामाजिक विकास मन्त्रालय, ENSSURE परियोजना र सरोकारवाला निकाय |
| कार्यान्वयन/प्रगति सूचक | • बैठकमा सहभागीहरूको उपस्थिति विवरण ।<br>• बैठकको निर्णयहरू/प्रतिवेदन ।<br>• अनुगमन प्रतिवेदन/कार्यक्रमको फोटो । |
| अपेक्षित उपलब्धि | • परियोजनासँग सम्बन्धित सम्पूर्ण कार्य सञ्चालनको लागि विभिन्न गठित समितिहरूद्वारा निर्देशन तथा सुझावहरू प्राप्त हुनेछन् ।<br>• परियोजनाको प्रभावकारी कार्यान्वयनको लागि नियमित समन्वय, अनुगमन र सुपरिवेक्षण भएको हुनेछ।<br>• प्रशासनिक कार्यहरू सहज र प्रभावकारी रुपमा सञ्चालन भएको हुनेछन् । |

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय कोशी प्रदेश विराटनगर, नेपाल

प्रदेश सचिव मन्त्री

**Output 4: Project Steering**

९. परियोजना प्रगति समीक्षा तथा योजना तर्जुमा सम्बन्धी बैठक र कार्यशाला गोष्ठी

| बजेट उपशीर्षक नं | खर्च शीर्षक नं | PIMBIS कोड नं | परिमाण | इकाई | बजेट रू.(हजारमा) | समय अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०९११२६ | २२५२२ | २.७.८.१२५ | १ | पटक | ३०० | तेस्रो |

| विषयक्षेत्र | विवरण |
|---|---|
| पृष्ठभूमि | दिगो तथा सम्मानित रोजगारीका लागि सिप परियोजना (ENSSURE-II) अन्तर्गत सामाजिक विकास मन्त्रालय तथा १२ वटा स्थानीय तहमा सञ्चालित कार्यक्रमको वार्षिक समीक्षा तथा आगामी आ.व. को योजना तर्जुमा गर्न स्थानीय तहका सम्बन्धित क्षेत्रका कर्मचारीहरुको सहभागितामा कार्यशाला सञ्चालन गरी प्रगति समीक्षा तथा योजना तर्जुमा गर्नको लागि यो कार्यक्रमको व्यवस्था गरिएको छ । |
| उद्देश्य | परियोजनाको प्रगति समीक्षा तथा योजना तर्जुमा गर्नु । |
| कार्यान्वयन/सञ्चालन प्रक्रिया | • सामाजिक विकास मन्त्रालय तथा स्थानीय तहमा सञ्चालित कार्यक्रमको वार्षिक योजना तर्जुमा तथा प्रगति समीक्षा कार्यक्रम सञ्चालन गर्ने ।<br>• स्थानीय तहका प्रमुख/अध्यक्ष्य र उप-प्रमुख/अपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतसँग समन्वय गर्ने ।<br>• स्थानीय तहबाट प्रस्तुत गरीने योजना तथा प्रगति प्रतिवेदनको ढाँचा तयार गरी विवरण माग गर्ने ।<br>• स्थानीय तहका ENSSURE परियोजना हेर्ने फोकल पर्सन प्रमूख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन प्रमुख, शिक्षा शाखा लगायत सहभागीहरूको उपस्थितिमा कार्यशाला गर्ने । |
| सम्बद्ध निकाय | सामाजिक विकास मन्त्रालय |
| खर्च गर्न सकिने आधार | • प्रचलित आर्थिक ऐन, नियमावली र प्रदेश सरकारद्वारा स्वीकृत "सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका २०७९" अनुसार खर्च गर्ने । |
| कार्यान्वयन/प्रगति सूचक | • प्रगति समीक्षा तथा योजना तर्जुमा कार्यशालाको उपस्थिति<br>• कार्यक्रम प्रतिवेदन<br>• आगामी आ.व. को योजना तथा बजेटको विवरण |
| अपेक्षित उपलब्धि | परियोजनाको वार्षिक प्रगति समीक्षा तथा योजना तर्जुमा भएको हुनेछ । |

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय कोशी प्रदेश विराटनगर, नेपाल



प्रदेश सचिव मन्त्री

## (ख) स्थानीय तहहरूबाट कार्यान्वियन हुने कार्यक्रमको कार्यन्वयन प्रक्रिया

**Output 1.1: Nepalese youth attend TEVT courses that meet their needs**

१. आ.व. २०८०/८१ मा छनोट भई प्रशिक्षणरत कार्यगत अभ्याससहितको तालिम सञ्चालन निरन्तरता

| विषयक्षेत्र | विवरण |
|---|---|
| पृष्ठभूमि | स्थानिय तहले श्रम बजारको माग तथा सोहि बमोजिमको उद्योग/व्यावसायहरूको पहिचान गरी हाल प्राप्त CTEVT-I2 (१६९६ घण्टा) को पाठ्यक्रम मध्ये उपयुक्त विषय छनौट गरी छानिएको तालिम प्रदायक संस्थाद्वारा सञ्चालित तालिमको निरन्तरताका लागि यो बजेट व्यवस्थापन गरिएको छ । |
| उद्देश्य | कार्यगत अभ्यास सहितको तालिम पश्चात दक्ष जनशक्ति उत्पादन गर्नु। |
| कार्यान्वियन/सञ्चालन प्रक्रिया | • सम्झौता गरिएका प्राविधिक शिक्षालय/तालिम प्रदायक संस्थालाई आ.व. २०८०/०८१ मा शुरू भएको कार्यगत अभ्यास सहितको तालिम कार्यक्रम निरन्तर सञ्चालन गर्ने/गराउने ।<br>• शिक्षालय/तालिम प्रदायक संस्थाहरूले परियोजनाद्वारा तोकिएको डाटाबेस प्रणालीमा अध्यावधिक गरेको सुनिश्चित गर्ने/गराउने ।<br>• स्थानीय तहले निरन्तर तालिम अनुगमन गरी अनुगमन प्रतिवेदन तयार गर्ने ।<br>• कार्यक्रम सम्पन पश्चात सम्बन्धित पालिकाबाट सिप परीक्षणको लागि सिफारिस पत्र लिई CTEVT/NSTB मा पेश गर्ने<br>• आ.व. २०८०/०८१ मा सञ्चालित तालिम कार्यक्रम सम्पन्न पश्चात CTEVT/NSTB बाट सिप परीक्षण कार्य सञ्चालन गर्ने/गराउने ।<br>• सम्झौतामा उल्लेख भएको आवश्यक कागजात तथा तोकिएको शीर्षक अनुसारको खर्चको बिल भर्पाईको आधारमा भुक्तानी गर्ने ।<br>• आ.व. २०८०/०८१ मा सञ्चालित तालिमहरूको सम्झौता बमोजिमको तेस्रो किस्ता तथा अन्तिम किस्ता (सम्झौता बमोजिम सिप परीक्षणमा ८०% भन्दा माथि पास भएकोलाई मात्र) आ. व. २०८२/०८३ को बजेटबाट भुक्तानी गरीने छ ।<br>• आ.व. २०८०/८१ मा सम्बन्धित स्थानीय तह र तालिम प्रदायक संस्था/प्राविधिक शिक्षालय बीच भएको सम्झौता तथा प्रचलित कानुन अनुसार खर्च लेख्ने, लेखा राख्ने र अन्तिम लेखा परीक्षण समेत गरी प्रतिवेदन तयार गर्ने। |
| सम्वद्ध निकाय | स्थानीय तह/तालिम प्रदायक संस्था तथा शिक्षालय |
| कार्यान्वियन/प्रगति सूचक | • तालिम प्रदायक संस्था सँगको सम्झौता पत्र ।<br>• तालिमका सहभागीहरूको नामावली/तालिम सहभागीहरूको उपस्थिति ।<br>• तालिम सहभागीहरूको सिप परीक्षणको प्रमाणपत्र ।<br>• तालिम प्रदायक संस्थाको प्रतिवेदन । |
| अपेक्षित उपलब्धि | लक्षित समुदायका युवाहरूको तालिममा सहभागिता भई सिपयुक्त भएको हुनेछ । |

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय कोशी प्रदेश विराटनगर, नेपाल



प्रदेश सचिव मन्त्री

**Output 1.1: Nepalese youth attend TEVT courses that meet their needs**

२. आ.व. २०८१/०८२ मा छनोट भई प्रशिक्षणरत कार्यगत अभ्याससहितको तालिम सञ्चालन निरन्तरता

| विषयक्षेत्र | विवरण |
|---|---|
| पृष्ठभूमि | स्थानिय तहले श्रम बजारको माग तथा सोहि बमोजिमको उद्योग/व्यावसायहरूको पहिचान गरी हाल उपलब्ध CTEVT-12 (१६९६ घण्टा) को पाठ्यक्रम मध्ये उपयुक्त विषय छनौट गरी छानिएको तालिम प्रदायक संस्थाद्वारा सञ्चालित तालिमको निरन्तरताका लागि यो बजेट व्यवस्थापन गरिएको छ। |
| उद्देश्य | कार्यगत अभ्यास सहितको तालिम पश्चात दक्ष जनशक्ति उत्पादन गर्नु। |
| कार्यान्वयन/सञ्चालन प्रक्रिया | • सम्झौता गरिएका प्राविधिक शिक्षालय/तालिम प्रदायक संस्थालाई आ.व. २०८१/०८२ मा शुरू भएको कार्यगत अभ्यास सहितको तालिम कार्यक्रम निरन्तर सञ्चालन गर्ने/गराउने ।<br>• शिक्षालय/तालिम प्रदायक संस्थाहरूले परियोजनाद्वारा तोकिएको डाटाबेस प्रणालीमा अध्यावधिक गरेको सुनिश्चित गर्ने/गराउने ।<br>• स्थानीय तहले निरन्तर तालिम अनुगमन गरी अनुगमन प्रतिवेदन तयार गर्ने ।<br>• कार्यक्रम सम्पन पश्चात सम्बन्धित पालिकाबाट सिप परीक्षणको लागि सिफारिस पत्र लिई CTEVT/NSTB मा पेश गर्ने<br>• आ.व. २०८१/०८२ मा सञ्चालित तालिम कार्यक्रम सम्पन्न पश्चात CTEVT/NSTB बाट सिप परीक्षण कार्य सञ्चालन गर्ने/गराउने ।<br>• सम्झौतामा उल्लेख भएको आवश्यक कागजात तथा तोकिएको शीर्षक अनुसारको खर्चको बिल भर्पाईको आधारमा भुक्तानी गर्ने ।<br>• आ.व. २०८१/०८२ मा सञ्चालित तालिमहरूको सम्झौता बमोजिमको दोस्रो, तेस्रो तथा चौथो किस्ता (सम्झौता बमोजिम सिप परीक्षणमा ८०% भन्दा माथि पास भएकोलाई मात्र) आ. व. २०८२/०८३ को बजेटबाट भुक्तानी गरीने छ ।<br>• आ.व. २०८१/८२ मा सम्बन्धित स्थानीय तह र तालिम प्रदायक संस्था/प्राविधिक शिक्षालय बीच भएको सम्झौता तथा प्रचलित कानुन अनुसार खर्च लेख्ने, लेखा राख्ने र अन्तिम लेखा परीक्षण समेत गरी प्रतिवेदन तयार गर्ने। |
| सम्बद्ध निकाय | स्थानीय तह/तालिम प्रदायक संस्था तथा शिक्षालय |
| कार्यान्वयन/प्रगति सूचक | • तालिम प्रदायक संस्थासँगको सम्झौता पत्र ।<br>• तालिमका सहभागीहरूको नामावली/तालिम सहभागीहरूको उपस्थिति ।<br>• तालिम सहभागीहरूको सिप परीक्षणको प्रमाणपत्र ।<br>• तालिम प्रदायक संस्थाको प्रतिवेदन । |
| अपेक्षित उपलब्धि | लक्षित समुदायका युवाहरूको तालिममा सहभागिता भई सिपयुक्त भएको हुनेछ । |

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय कोशी प्रदेश विराटनगर, नेपाल



प्रदेश सचिव

Output 1.1: Nepa l ese youth attend TVET courses that meet their needs.

३. कार्यगत अभ्याससहितको तालिम सञ्चालन

| विषयक्षेत्र | विवरण |
|---|---|
| पृष्ठभूमि | स्थानीय तहले स्थानीय श्रम बजारको माग तथा सोहि बमोजिमको उद्योग/व्यावसायहरूको पहिचान गरी हाल प्राप्त CTEVT-l2 (१६९६ घण्टा) को तपसिल बमिजिमको पाठ्यक्रम मध्येबाट सम्बन्धित स्थानीय तहको चालु आ.व. को वजेट विवरणमा "चालु वर्षको कार्यगत अभ्यास सहितको तालिम सञ्चालन" शीर्षक अन्तर्गत व्यवस्था गरिएको संख्याको आधारमा विषय छनौट गरी सि.टि.ई.भी.टि. को आंगिक शिक्षालय/साझेदार शिक्षालय/सि.टि.ई.भी.टि. बाट सम्बन्धन प्राप्त सामुदायिक विद्यालय (प्राविधिक शिक्षा सञ्चालन गर्ने) वा निजि तालिम प्रदायक संस्था मार्फत १० महिने तालिम सञ्चालन गर्ने ।<br>तपसिलका विषयहरू:<br>1. Professiona l P l umber<br>2. Professiona l Bui l ding E l ectrician<br>3. Professiona l Cook<br>4. Professiona l Mason<br>5. Professiona l Motorcyc l e Mechanics<br>6. Professiona l we l der<br>7. Professiona l l ight vehic l e mechanics<br>8. Professiona l A l uminum Fabricator<br>9. Professiona l l CD, l ED TV Repair Technician<br>10. Professiona l Vehic l e Body Repair Technician<br>11. Professiona l Te l ecom Technician<br>12. Professiona l computer hardware and network technician |
| उद्देश्य | दक्ष जनशक्ति उत्पादन गर्नका लागि कार्यगत अभ्यास सहितको तालिम सञ्चालन गर्नु । |
| कार्यान्वयन/सञ्चालन प्रक्रिया | • आ.व. २०८२/०८३ मा तालिम प्रदायक संस्था छनौट तथा सम्झौता गरी शुरू भएको कार्यगत अभ्यास सहितको तालिम कार्यक्रम सञ्चालन गर्ने/गराउने ।<br>• छनौट भएका शिक्षालय/तालिम प्रदायक संस्थाहरूले परियोजनाद्वारा तोकिएको डाटाबेस प्रणालीमा डाटाहरू अध्यावधिक गरेको सुनिश्चित गर्ने/गराउने ।<br>• स्थानीय तहले निरन्तर तालिम अनुगमन गरी अनुगमन प्रतिवेदन तयार गर्ने ।<br>• कार्यक्रम सम्पन पश्चात सम्बन्धित पालिकाबाट सिप परीक्षणको लागि सिफारिस पत्र लिई CTEVT/NSTB मा पेश गर्ने<br>• आ.व. २०८२/०८३ मा सञ्चालित तालिम कार्यक्रम सम्पन्न पश्चात CTEVT/NSTB बाट सिप परीक्षण कार्य सञ्चालन गर्ने/गराउने ।<br>• सम्झौतामा उल्लेख भएको आवश्यक कागजात तथा तोकिएको शीर्षक अनुसारको खर्चको बिल भरपाईको आधारमा भुक्तानी गर्ने ।<br>• आ.व. २०८२/०८३ मा सञ्चालित तालिमहरूको सम्झौता बमोजिमको पहिलो र दोस्रो किस्ता भुक्तानी गरीने छ ।<br>• आ.व. २०८२/०८३ मा सम्बन्धित स्थानीय तह र तालिम प्रदायक संस्था/प्राविधिक शिक्षालयबीच भएको सम्झौता तथा प्रचलित कानुन अनुसार खर्च लेख्ने, लेखा राख्ने र अन्तिम लेखा परीक्षण समेत गरी प्रतिवेदन तयार गर्ने। |
| सम्बद्ध निकाय | स्थानीय तह/तालिम प्रदायक संस्था तथा शिक्षालय |
| कार्यान्वयन/प्रगति | • तालिम प्रदायक संस्थासँगको सम्झौता पत्र । |

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय कोशी प्रदेश विराटनगर, नेपाल



प्रदेश सचिव मन्त्री

CamScanner

| विषयक्षेत्र | विवरण |
|---|---|
| सूचक | • तालिमका सहभागीहरूको नामावली/तालिम सहभागीहरूको उपस्थिति ।<br>• तालिम सहभागीहरूको सिप परीक्षणको प्रमाणपत्र ।<br>• तालिम प्रदायक संस्थाको प्रतिवेदन । |
| अपेक्षित उपलब्धि | लक्षित समुदायका युवाहरूको तालिममा सहभागिता भई सिपयुक्त भएको हुनेछ । |

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
कोशी प्रदेश
विराटनगर, नेपाल



प्रदेश सचिव

मन्त्री

CamScanner

**Output 1.1: Nepa l ese youth attend TVET courses that meet their needs.**

४. कार्यगत अभ्याससहितको तालिम प्रशिक्षार्थीको सिप परीक्षण सञ्चालन

| विषयक्षेत्र | विवरण |
|---|---|
| पृष्ठभूमि | स्थानीय तहले गत आ.व. २०८०/८१ र ०८१/०८२ मा ENSSURE परियोजना तर्फको बजेटबाट सञ्चालित कार्यगत अभ्यास सहितको तालिम सम्पन्न गरेका प्रशिक्षार्थीहरूलाई सि.टि.ई.भि.टि. अन्तरगतको राष्ट्रिय सिप परीक्षण बोर्डले लिने सिप परीक्षणमा सहभागी गराउनको लागि यो बजेट व्यवस्था गरिएको छ । |
| उद्देश्य | कार्यगत अभ्यास सहितको तालिम सम्पन्न गरेका प्रशिक्षार्थीहरूलाई सिप परीक्षणमा सहभागी गराउने । |
| कार्यान्वयन/सञ्चालन प्रक्रिया | • तालिम प्रदायक संस्थाले कार्यगत अभ्यास सहितको तालिममा सहभागी भएका प्रशिक्षार्थीहरूको सिप परीक्षणको लागि सम्वन्धित स्थानीय तहमा पत्राचार र समन्वय गर्ने ।<br>• तालिम सम्पन्न गरेका प्रशिक्षार्थीहरूको तोकिएको ढाँचामा सिप परीक्षण फर्म NSTB को डाटाबेस प्रणालीमा अद्यावधिक गर्ने ।<br>• NSTB को नर्म्स अनुसार सिप परीक्षण शुल्क भक्तानी गर्ने ।<br>• सम्बन्धित स्थानीय तहले तालिम प्रदायक संस्था/शिक्षालयवाट आवश्यक कागजपत्र संकलन गरी सिप परीक्षणका लागि ENSSURE परियोजना, सि.टि.ई.भि.टि. तालिम विकास महाशाखालाई पत्राचार गर्ने ।<br>• सि.टि.ई.भि.टि. मार्फत राष्ट्रिय सिप परीक्षण समिति (NSTB) मा समन्वय गर्ने ।<br>• सि.टि.ई.भि.टि.को राष्ट्रिय सिप परीक्षण समितिको सूचना अनुसार सिप परीक्षण सञ्चालन गर्ने ।<br>• तालिम प्रदायक संस्था/शिक्षालयले सिप परीक्षणमा सहभागी भएका विद्यार्थीहरूको उपस्थिति हाजिरी (NSTB को हाजिरी प्रमाणित प्रतिलिपि) सहित प्रगति प्रतिवेदन पालिकामा पेश गर्ने ।<br>• आ.व. २०८०/०८१ र ०८१/८२ मा सम्वन्धित स्थानीय तह र तालिम प्रदायक संस्था/प्राविधिक शिक्षालयबीच भएको सम्झौता तथा प्रचलित कानुन अनुसार खर्च लेख्ने, लेखा राख्ने र अन्तिम लेखा परीक्षण समेत गरी प्रतिवेदन तयार गर्ने। |
| सम्वद्ध निकाय | स्थानीय तह/तालिम प्रदायक संस्था तथा शिक्षालय |
| कार्यान्वयन/प्रगति सूचक | • सिप परीक्षणमा सहभागी हुने प्रशिक्षार्थीहरूको सुची र उपस्थिति हाजिरी ।<br>• तालिम प्रदायक संस्थाको निवेदन ।<br>• ENSSURE परियोजना प्रवन्धकलाई लेखेको सिफारिस पत्र ।<br>• प्रशिक्षार्थीहरूको फोटो र नागरिकता न. सहितको डाटावेशमा प्रविष्ट गरेको प्रतिवेदन |
| अपेक्षित उपलब्धि | १० महिने तालिम सम्पन्न गरेका सहभागीहरू सिप परीक्षणमा सहभागी भएका हुनेछन् । |

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय कोशी प्रदेश विराटनगर, नेपाल



प्रदेश सचिव
मन्त्री

Output 1.1: Nepa l ese youth attend TVET courses that meet their needs

५. कार्यगत अभ्यास सहितको तालिम सम्बन्धी सूचना प्रचार प्रसार तथा सेवा खरिद

| विषयक्षेत्र | विवरण |
|---|---|
| पृष्ठभूमि | ENSSURE परियोजना अन्तरगत पालिकाहरुले कार्यगत अभ्यास सहितको तालिम सञ्चालनको लागि आवश्यक पर्ने सूचना तथा प्रचार-प्रसार, छलफल बैठक सञ्चालन गरी लक्षित वर्गसम्म सूचना पुर्याउनको लागि यो बजेट व्यवस्था गरिएको छ । |
| उद्देश्य | कार्यक्रममा लक्षित वर्गको सहभागिता बढाउन तालिम सम्बन्धी सूचना प्रभावकारी तरिकाले प्रचार-प्रसार गर्नु । |
| कार्यान्वयन/सञ्चालन प्रक्रिया | • कार्यगत अभ्यास सहितको तालिम सञ्चालनको लागि लक्षित समूहसम्म सूचना पुऱ्याउन विभिन्न रेडियो, टि.भी. अनलाईन तथा छापा मिडियाहरु, सामाजिक संजाल, लक्षित समूह छलफल, समुदायमा आधारित संघ/सँगठन/संस्था सँग समन्वय वा अन्य प्रचार प्रसारको कुनै पनि माध्यम प्रयोग गरी सूचना प्रचार प्रसार गर्ने ।<br>• सम्बन्धित स्थानीय तह र तालिम प्रदायक संस्था/प्राविधिक शिक्षालयबीच भएको सम्झौता तथा प्रचलित कानुन अनुसार खर्च लेख्ने, लेखा राख्ने र अन्तिम लेखा परीक्षण समेत गरी प्रतिवेदन तयार गर्ने । |
| सम्बद्ध निकाय | स्थानीय तह/तालिम प्रदायक संस्था तथा शिक्षालय |
| कार्यान्वयन/प्रगति सूचक | • सूचना तथा प्रचार-प्रसार भएका सामग्रीहरु ।<br>• बैठकको उपस्थिती तथा निर्णय ।<br>• अनुगमन प्रतिवेदन । |
| अपेक्षित उपलब्धि | लक्षित समुदायका युवाहरुसम्म सूचना पुगी कार्यगत अभ्यास तालिममा उनीहरुको सहभागिता भई तालिम प्रभावकारी रुपमा सञ्चालन हुनेछ । |

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय कोशी प्रदेश विराटनगर, नेपाल



प्रदेश सचिव मन्त्री

Output 1.3 Nepa l i youth have access to career guidance service.

६. स्थानीय तहमा वृत्ति मार्गनिर्देशन सेवा इकाई स्थापना र सञ्चालन

| विषयक्षेत्र | विवरण |
|---|---|
| पृष्ठभूमि | स्थानीय तहमा विद्यार्थी/युवा/अभिभावकहरूलाई वृत्ति मार्गनिर्देशन तथा परामर्श सेवा प्रदान गर्नुको साथै विद्यालयमा वृत्ति मार्गनिर्देशन कार्यक्रमको लागि प्राविधिक सहयोग र इकाईबाट नियमित र प्रभावकारी रुपमा सेवा प्रवाह गर्न र इकाई स्थापना हुन बाँकी रहेको स्थानीय तहमा इकाई स्थापना गरी वृत्ति मार्गनिर्देशन र विद्यार्थीहरूलाई कामको संसार चिनाउने क्रियाकलापहरू व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले यो बजेट व्यवस्था गरिएको छ । |
| उद्देश्य | • वृत्ति मार्गनिर्देशन सेवालाई स्थानीय तहमा संस्थागत गर्ने,<br>• विद्यार्थी/युवा/अभिभावकहरूलाई वृत्ति मार्गनिर्देशन तथा परामर्श सेवा प्रदान गर्नु । |
| कार्यान्वयन/सञ्चालन प्रक्रिया | • इकाई सञ्चालनको लागि आवश्यक पर्ने सामग्रीहरू व्यवस्थापन गर्ने ।<br>• युवा/विद्यार्थीहरू/अभिभावकलाई परामर्शको लागि आवश्यक पर्ने जानकारीमुलक सामग्रीहरू तयारी छपाई तथा वितरण गर्ने ।<br>• युवा/विद्यार्थीहरू/अभिभावकलाई परामर्श सेवा प्रदान तथा अभिलेखीकरण गर्ने ।<br>• विद्यालयका विद्यार्थी तथा युवाहरूलाई इकाई अवलोकन गराउने र कामको संसार चिन्न सहजीकरण गर्ने ।<br>• इकाईबाट प्रदान गर्ने सेवाहरूको बारेमा विद्यालय/समुदायमा अभिमुखीकरण गर्ने ।<br>• इकाईको प्रचार प्रसारको लागि जिंगल बजाउने ।<br>• इकाई सञ्चालन तथा व्यवस्थापन जिम्मेवारी तोकिएको कर्मचारीको क्षमता विकास गर्ने ।<br>• सम्बन्धित स्थानीय तह र तालिम प्रदायक संस्था/प्राविधिक शिक्षालय बीच भएको सम्झौता तथा प्रचलित कानुन अनुसार खर्च लेख्ने, लेखा राख्ने र अन्तिम लेखा परीक्षण समेत गरी प्रतिवेदन तयार गर्ने । |
| सम्बद्ध निकाय | स्थानीय तह, विद्यालय र शिक्षा तालिम केन्द्र |
| कार्यान्वयन/प्रगति सूचक | • बैठकको उपस्थिती र निर्णय ।<br>• अनुगमन प्रतिवेदन । |
| अपेक्षित उपलब्धि | • स्थानीय तहमा स्थापना भएको वृत्ति मार्गनिर्देशन सेवा इकाई नियमित र प्रभावकारी रुपमा सञ्चालन हुनेछ ।<br>• इकाई स्थापना हुन बाँकी स्थानीय तहमा वृति मार्गनिर्देशन सेवा इकाई स्थापना भएको हुनेछ ।<br>• विद्यार्थी/युवा/अभिभावकहरूले आफ्नो वृति विकासको लागि मार्गनिर्देशन/परामर्श सेवा प्राप्त गर्नेछन् । |

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय कोशी प्रदेश विराटनगर, नेपाल



प्रदेश सचिव

**Output 1.3 Nepa l i youth have access to career guidance service.**

७. वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालित विद्यालयहरूका लागि कार्यपुस्तिका (workbook) छपाई तथा वितरण

| विषयक्षेत्र | विवरण |
|---|---|
| पृष्ठभूमि | विद्यार्थीहरूको रुची, खुबि र क्षमताको आधारमा वृत्ति पहिचान गर्नको लागि गरिने अभ्यासलाई लिखित र दस्तावेजमा समेत रहने गरी सामुदायिक विद्यालयहरूलाई विद्यार्थी संख्याको आधारमा कार्यपुस्तिका (Workbook) उपलब्ध गराउने उद्देश्यले यो बजेट व्यवस्था गरिएको छ । वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालन भईरहेका विद्यालयहरूका लागि आवश्यक परिमार्जन सहित कार्यपुस्तिका छपाई गरी विद्यार्थी संख्याको आधारमा वितरण गरिनेछ । |
| उद्देश्य | विद्यालयमा विद्यार्थीहरूको लागि वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालन गर्ने । |
| कार्यान्वयन/सञ्चालन प्रक्रिया | • कार्य पुस्तिका छपाइका लागि आवश्यक विद्यार्थीहरूको संख्या तय गर्ने ।<br>• कार्य पुस्तिका छपाइको लागि आवश्यक प्रक्रिया पुरा गर्ने ।<br>• विद्यार्थी संख्याको आधारमा आवश्यक कार्य पुस्तिका छपाई गरी छनौट भएका विद्यालयहरूमा वितरण गर्ने ।<br>• सम्बन्धित स्थानीय तहको कानुन अनुसार खर्च लेख्ने, लेखा राख्ने र अन्तिम लेखा परीक्षण समेत गरी प्रतिवेदन तयार गर्ने । |
| सम्बद्ध निकाय | स्थानीय तह र विद्यालय |
| कार्यान्वयन/प्रगति सूचक | • आवश्यक संख्यामा कार्य पुस्तिका छपाई ।<br>• विद्यालयहरूलाई वितरण गरेको भरपाई ।<br>• आवश्यक बिल, भरपाई आदि । |
| अपेक्षित उपलब्धि | विद्यालयमा वृत्ति मार्गनिर्देशन कार्यक्रम सहज तरिकाले सञ्चालन भएको हुनेछ । |

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
कोशी प्रदेश
विराटनगर, नेपाल



प्रदेश सचिव

Output 1.3 Nepa l i youth have access to career guidance service.

८. वृत्ति मार्गनिर्देशन सम्बन्धी शिक्षकहरूलाई पुनर्ताजगी प्रशिक्षण तालिम सञ्चालन

| उपशीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | विद्यालयमा अध्ययनरत कक्षा ८, ९ र १० का विद्यार्थीहरूलाई उनीहरूको रुचि खुबी र क्षमता अनुसार वृत्ति छनोट र सोहि अनुसार तयारीको लागि सम्बन्धित विद्यालयका तालिम प्राप्त शिक्षकहरूले वृत्ति मार्गनिर्देशन कार्यक्रमको सत्रहरू सञ्चालन गरी सहजीकरण गर्दछन । यसै सन्दर्भमा सम्बन्धित पालिकाले वृत्ति मार्गनिर्देशन सेवा केन्द्र, इनरुवा सुनसरी सँग समन्वय गरी विद्यालयका शिक्षकहरूको लागि वृत्ति मार्गनिर्देशन सम्बन्धी दुई दिने पुनर्ताजगी तालिम सञ्चालन गर्नको लागि यो बजेट व्यवस्था गरिएको छ । |
| उद्देश्य | विद्यालयका शिक्षकहरूलाई वृत्ति मार्गनिर्देशन कार्यक्रमका सत्रहरू सञ्चालन गर्न क्षमता अभिवृद्धि गर्ने । |
| कार्यान्वयन/सञ्चालन प्रक्रिया | • पहिले तालिम लिएका शिक्षकहरूको समुह बनाइ जानकारी गराउने ।<br>• तालिम सञ्चालनको लागि योजना र लागत अनुमान खर्च सुची बनाउने ।<br>• शिक्षा तालिम केन्द्र र वृत्ति मार्गनिर्देशन सेवा केन्द्र, इनरुवा सुनसरीसँग समन्वय र सहकार्य गर्ने ।<br>• तालिम प्रशिक्षकको व्यवस्थापन गर्ने ।<br>• तालिम व्यवस्थापन र सञ्चालन गर्ने ।<br>• तालिम सम्पन्न प्रतिवेदन तयार गर्ने ।<br>• तालिम सञ्चालन पश्चात डाटावेश अध्यावधिक गर्ने ।<br>• सम्बन्धित स्थानीय तहको कानुन अनुसार खर्च लेख्ने, लेखा राख्ने र अन्तिम लेखा परीक्षण समेत गरी प्रतिवेदन तयार गर्ने । |
| सम्बद्ध निकाय | स्थानीय तह र विद्यालय |
| प्रगति सूचक | • सहभागीहरूको हाजिरी रेकर्ड ।<br>• कार्यक्रम सम्पन भएको प्रतिवेदन ।<br>• कार्यक्रमको फोटो । |
| अपेक्षित उपलब्धि | विद्यालयका शिक्षकहरू आ-आफ्नो विद्यालयमा वृत्ति मार्गनिर्देशन कार्यक्रमका सत्रहरू सञ्चालन गर्न सक्षम हुनेछन । |

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय कोशी प्रदेश विराटनगर, नेपाल



प्रदेश सचिव मन्त्री

Output 1.4 Secondary schools implement the SWT model

९. विद्यार्थीलाई कामको संसार चिनाउने कार्यक्रमहरू (School to work transition)

| विषयक्षेत्र | विवरण |
|---|---|
| पृष्ठभूमि | विद्यालयमा विद्यार्थीहरूलाई कामको संसार चिनाउने कार्यक्रम (School to Work Transition Program) विद्यार्थीहरूलाई माध्यमिक शिक्षा सँगसंगै कामको संसार, शिक्षाको संसार र श्रम बजारमा प्रवेश गर्नु अगावै पूर्व अनुभव प्रदान गर्ने उद्देश्यले यो बजेटको व्यवस्था गरिएको छ । यो एउटा प्रकिया हो, जसको माध्यमबाट विद्यार्थीहरूलाई श्रम बजारमा प्रवेश गर्न आवश्यक सिप, प्राविधिक तथा व्यावहारिक ज्ञान, उद्यमशीलता र आत्मविश्वासमा अब्बल बनाउनुको साथै उनीहरूलाई सम्भावित वृत्ति पहिचान गर्न सहज हुने उद्देश्यले स्थानीय तह मार्फत कक्षा ८, ९ र १० का विद्यार्थीहरूलाई बिभिन्न कार्यक्रममा सहभागी गरेर विद्यालयहरूमा यो कार्यक्रम सञ्चालन गरिनेछ । |
| उद्देश्य | • विद्यार्थीहरूलाई विद्यालयमा शिक्षाको संसार संगै कामको संसार चिनाउनु ।<br>• विद्यार्थीहरूलाई श्रम बजारमा प्रवेश गर्न आवश्यक व्यवहारिक र प्राविधिक सिप र ज्ञान उपलब्ध गर्ने । |
| कार्यान्वयन/सञ्चालन प्रक्रिया | • कामको संसार चिनाउने कार्यक्रम सञ्चालनको लागि सम्भावित विद्यालयहरू छनौट गर्ने ।<br>• छनौट गरिएको विद्यालयहरूको प्र.अ., SWT शिक्षक, वि.व्य.स. प्रतिनिधि/अभिभावकहरूलाई अभिमुखीकरण गर्ने ।<br>• कामको संसार चिनाउने कार्यक्रमसँग सम्बन्धित सम्भावित क्रियाकलापहरू पालिका र विद्यालयले संयुक्त रुपमा योजना बनाई सञ्चालन गर्ने ।<br>• कार्यक्रमहरू सञ्चालन गर्नको लागि विद्यालयसँग दुई पक्षीय सम्झौता गर्ने ।<br>• विद्यालयले सम्पन्न भएका क्रियाकलापहरूको प्रगति प्रतिवेदन पालिकामा पेश गर्ने ।<br>• विद्यालयले कार्यक्रममा सहभागी भएका विद्यार्थीहरूको तथ्यांक डाटाबेसमा प्रविष्ट गर्ने ।<br>• विद्यालयमा कामको संसार चिनाउने कार्यक्रम सञ्चालन गर्नको लागि तयार गरिएको मार्गदर्शन सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश सरकारबाट प्रमाणित भए पछि सोहि अनुसार कार्यक्रमहरू सञ्चालन गर्ने ।<br>सम्भावित कार्यक्रमहरू:<br>(क) कामको संसार चिनाउने (कक्षा ८ को विद्यार्थीहरू लक्षित)<br>१. उद्योग व्यवसायी/पेशाकर्मीहरूसँग अन्तरक्रिया सत्र<br>२. कामको संसारका लागि आवश्यक पर्ने व्यवहार-कुशल सिप सम्बन्धी सत्र<br>३. उद्योग/TVET विद्यालय भ्रमण<br>४. आफ्नो वृत्तिमा सफल भएका पूर्व-विद्यार्थीबाट उत्प्रेरणामुलक सत्र<br>(ख) उद्यमशीलता चुनौती कार्यक्रम (कक्षा ९ को विद्यार्थीहरू लक्षित)<br>१. उद्यमशीलताको परिचय<br>२. व्यावसायको अवाधरणा विकास र प्रमाणीकरण<br>३. वित्तीय साक्षरता, मार्केटिङ र ब्रान्डिङ<br>४. व्यावसाय अवाधरणा तयारी र अभ्यास<br>५. व्यावसाय अवधारणा को प्रस्तुति तथा उत्कृष्ट समुहको घोषणा<br>६. विजेता समूहद्वारा आफ्नो व्यावसायिक योजनाको कार्यान्वयन<br>७. नतिजा तथा उपलब्धि सार्वजनिक तथा समीक्षा कार्यक्रम<br>(ग) कामको पुर्व-अनुभव (कक्षा १० को विद्यार्थीहरू लक्षित)<br>१. वृत्तिपथ योजना तयारी,<br>२. जागिर अवलोकन र अनुभव आदान-प्रदान,<br>३. सिप विकास कार्यशाला,<br>४. वृत्ति योजना प्रस्तुति र समीक्षा, |



प्रदेश सरकार सामाजिक विकास मन्त्रालय कोशी प्रदेश विराटनगर, नेपाल
प्रदेश सचिव
मन्त्री

| | |
|---|---|
| | सम्भावित विद्यालय छनौट गर्ने आधारहरू:<br>• वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालन भएको विद्यालय हुनुपर्ने ।<br>• प्राविधिक शिक्षा पढाइ हुने विद्यालयलाई प्राथमिकता दिने ।<br>• कार्यक्रम सञ्चालन गर्नको लागि आवश्यकता अनुसार पर्याप्त भौतिक संरचना भएको विद्यालय ।<br>• उद्योग तथा कलकारखानाहरू भएको र उद्योगहरूसँग समन्वय गर्न सक्ने विद्यालय ।<br>• विद्यार्थीहरूको वृत्ति विकासको लागि आफ्नै प्रयासमा विगत देखि नै काम गर्दै आइरहेको र आगामी दिनमा पनि सक्रिय रुपमा काम गर्नको लागि प्रतिबद्ध विद्यालय ।<br>• पढाइ सँगसंगै विद्यार्थीहरूलाई कामको संसारसँग पनि परिचित गराउनुपर्छ भन्ने मान्यता राख्ने र त्यसका लागि आवश्यक पर्ने समय तथा श्रोत व्यवस्थापन गर्न सक्ने विद्यालय ।<br>• स्थानीय तह तथा अन्य संस्थाहरू सँग सहकार्य र समन्वय गर्न सक्ने ।<br>• सम्बन्धित स्थानीय तहको कानुन अनुसार खर्च लेख्ने, लेखा राख्ने र अन्तिम लेखा परीक्षण समेत गरी प्रतिवेदन तयार गर्ने । |
| सम्वद्ध निकाय | स्थानीय तह र विद्यालय |
| कार्यान्वयन/प्रगति सूचक | • कार्यक्रमको दुई पक्षीय सम्झौता पत्र ।<br>• कार्यक्रम सम्पन प्रतिवेदन/फोटो ।<br>• आवश्यक विल, भरपाई आदि ।<br>• उद्यमशीलता च्यालेन्ज योजना अन्तर्गत विउ पुजीको विवरण ।<br>• डाटाबेस प्रतिवेदन ।<br>• सहभागीहरूको उपस्थिति । |
| अपेक्षित उपलब्धि | विद्यार्थीहरू कामको संसार, उद्यमशिलता सम्वन्धी सिप, उद्योग/कम्पनी/संघ/सँगठन/प्राविधिक शिक्षालय/विश्वविद्यालयहरूमा भ्रमण र व्यावहारिक तथा प्राविधिक ज्ञान पाएको हुनेछन । |

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय कोशी प्रदेश विराटनगर, नेपाल



प्रदेश सचिव

मन्त्री

१०.कार्यक्रम समीक्षा तथा योजना तर्जुमा

| विषयक्षेत्र | विवरण |
|---|---|
| पृष्ठभूमि | दिगो तथा सम्मानित रोजगारीका लागि सिप परियोजना (ENSSURE- II) अन्तर्गत स्थानीय तहमा सञ्चालित कार्यक्रमको वार्षिक समीक्षा, प्रशासनिक खर्च तथा आगामी आ.व.को योजना तर्जुमा कार्यशाला सञ्चालनको लागि यो बजेट व्यवस्था गरिएको छ । |
| उद्देश्य | परियोजनाको प्रगति समीक्षा तथा योजना तर्जुमा गर्न । |
| कार्यान्वयन/सञ्चालन प्रक्रिया | • स्थानीय तहमा सञ्चालित कार्यक्रमको वार्षिक प्रगति समीक्षा, प्रशासनिक खर्च तथा योजना तर्जुमा कार्यक्रम सञ्चालनको लागि योजना बनाउने ।<br>• सम्बन्धित सबै सरोकारवालाहरूलाई पत्राचार गर्ने ।<br>• स्थानीय तहको योजना तर्जुमाको लागि कर्मचारी/जनप्रतिनिधिहरू सहितको उपस्थितिमा गर्ने ।<br>• कार्यक्रम सञ्चालन गर्ने ।<br>• कार्यक्रम सम्पन्न प्रतिवेदन तयार गर्ने ।<br>• सम्बन्धित स्थानीय तहको कानुन अनुसार खर्च लेख्ने, लेखा राख्ने र अन्तिम लेखा परीक्षण समेत गरी प्रतिवेदन तयार गर्ने । |
| सम्बद्ध निकाय | स्थानीय तह |
| कार्यान्वयन/प्रगति सूचक | • प्रगति समीक्षा तथा योजना तर्जुमा कार्यशालाको उपस्थिति ।<br>• कार्यक्रम सम्पन प्रतिवेदन ।<br>• खर्चको बिल/भरपाई/फोटो आदि । |
| अपेक्षित उपलब्धि | • परियोजनाको वार्षिक प्रगति समीक्षा तथा योजना तर्जुमा भएको हुनेछ । |

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
कोशी प्रदेश
विराटनगर, नेपाल



प्रदेश सचिव

मन्त्री

११.कार्यक्रमको सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन

| विषयक्षेत्र | विवरण |
|---|---|
| पृष्ठभूमि | ENSSURE परियोजना सञ्चालित स्थानीय तहमा परियोजना सँग समबन्धित विभिन्न कियाकलापहरुको अनुगमन तथा सुपरिवेक्षण कार्यको लागि यो बजेट व्यवस्था गरिएको छ । |
| उद्देश्य | परियोजनासँग सम्बन्धित कार्यक्रमहरूको सुपरिवेक्षण, अनुगमन तथा मूल्यांकन गरी परियोजना कार्यान्वयनलाई प्रभावकारी बनाउनु । |
| कार्यान्वयन/सञ्चालन प्रकिया | • स्थानीय तहमा परियोजना सम्बन्धी सञ्चालित विभिन्न कियाकलापहरुको सुपरीवेक्षण, अनुगमन तथा मूल्यांकन गर्ने ।<br>• कार्यक्रमहरूको सुपरीवेक्षण, अनुगमन तथा मूल्यांकन पश्चात प्रतिवेदन तयार गर्ने र सम्बन्धित सरोकारवालाहरूलाई आवश्यक सल्लाह सुझाव तथा पृष्ठपोषण दिने।<br>• सम्बन्धित स्थानीय तहको कानुन अनुसार खर्च लेख्ने, लेखा राख्ने र अन्तिम लेखा परीक्षण समेत गरी प्रतिवेदन तयार गर्ने । |
| सम्बद्ध निकाय | स्थानीय तह |
| कार्यान्वयन/प्रगति सूचक | • अनुगमन प्रतिवेदन।<br>• भ्रमण प्रतिवेदन र कार्यक्रमको फोटोहरू । |
| अपेक्षित उपलब्धि | परियोजनासँग सम्बन्धित सम्पूर्ण कार्य सञ्चालनको लागि आवश्यकता अनुसार अनुगमन तथा सुपरिवेक्षण भएको हुनेछ । |

१०. **ENSSURE/PSU कोशी प्रदेश मार्फत सञ्चालन हुने मुख्य क्रियाकलापहरू:**

१. औद्योगिक प्रशिक्षार्थी छनोट सम्बन्धी कार्य सञ्चालन
२. औद्योगिक प्रशिक्षार्थी कार्यक्रममा ड्रप-आउट दर न्यूनीकरण सम्बन्धी कार्यक्रम
३. औद्योगिक प्रशिक्षार्थी कार्यक्रम नतिजा सुधारका लागि परिपूरक कक्षा सञ्चालन लगायतका कार्यक्रम
४. सिप स्तरोन्नति तालिम पाठ्यसामग्री निर्माण/परिमार्जन सहयोग
५. उद्योगमा कार्यरत कामदार/वैदेशिक रोजगारीबाट फर्केका युवाहरूको लागि सिप स्तरोन्नति तालिम सञ्चालन
६. विद्यालय शिक्षकलाई वृत्ति-मार्गनिर्देशन सम्बन्धी तालिम सञ्चालन सहयोग
७. विद्यार्थीलाई कामको संसार चिनाउने कार्यक्रमहरू (School to work transition)
८. उत्कृष्ट उद्योग, प्रशिक्षार्थी, कम्पनी प्रशिक्षक तथा उद्योगहरूलाई सम्मान कार्यक्रम
९. औद्योगिक प्रशिक्षार्थी आल्मुनाइ भेटघाट/अन्तरक्रिया
१०. उद्योग तथा शिक्षालयद्वारा औद्योगिक प्रशिक्षार्थीहरूको सिकाइ प्रगति समीक्षा
११. प्रदेश/स्थानीय सरकारका अधिकारीलाई परियोजना कार्यान्वयन सम्बन्धी क्षमता अभिवृद्धि
१२. औद्योगिक प्रशिक्षार्थी कार्यरत उद्योगमा व्यावसायजन्य स्वास्थ्य सुरक्षा अभिवृद्धि
१३. उद्योग/व्यावसायमा रहेको HR सम्बन्धी Assessment, तालिम तथा HR रणनीति निर्माण सहयोग
१४. TVET Coordination Unit स्थापना, व्यवस्थापन र क्षमता अभिवृद्धि
१५. सिप प्रतिस्पर्धा कार्यक्रम आयोजना
१६. विद्युत्तिय/भौतिक माध्यमद्वारा कम्पनी प्रशिक्षकहरूको पेशागत र व्यावसायिक दक्षता अभिवृद्धि
१७. साझेदार उद्योगहरूमा Green TVET सम्बन्धी कार्यक्रम सञ्चालन सहयोग
१८. परियोजना बैठक तथा प्रगति समीक्षा
१९. प्रदेश तहमा परियोजनाको वार्षिक प्रगति प्रतिवेदन प्रकाशन
२०. परियोजना सम्बन्धी विभिन्न समितिहरूको बैठक सञ्चालन



प्रदेश सचिव मन्त्री